# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक २०६ | काठमाडौं | आइतबार, १० मंसिर २०८० | Prabhab National Daily | Sunday, November 26, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## राजनीतिक मैदानमा ज्ञानेन्द्र शाह !



पूर्वराजाले च्याँखे थापेर बस्ने होइन, पार्टी खोलेर चुनाव लड्न आए हुन्छ ।

■ **गगन थापा**
**महामन्त्री, कांग्रेस**

गणतन्त्रको जग हल्लिसक्यो । ढल्नमात्रै बाँकी छ ।

■ **राजेन्द्र लिङ्देन**
**अध्यक्ष, राप्रपा**

**काठमाडौं (प्रस)–** पूर्वराजा ज्ञानेन्द्र शाहले राजनीतिमा सक्रिय हुने संकेत गरेका छन् । अरुबेला विज्ञप्तिमार्फत सरकारविरुद्ध असन्तुष्टि मात्रै व्यक्त गर्दै आएका शाह शनिबार झापाको बिर्तामोडमा आयोजित राजनीतिक कार्यक्रममा सहभागी भए ।

उनी यसअघि धार्मिक सभामा भने सहभागी हुँदै आएका थिए । मठमन्दिरको दर्शनमा पनि जाने गरेका थिए । तर, शनिबार पृथ्वीनारायण शाहको शालिक अनावरणको मौका पारेर राप्रपाले शक्ति प्रदर्शन गर्दा पूर्वराजा शाह सहभागी भए ।

अनावरणपछि उनले सम्बोधन भने गरेनन् । त्यसै काठमाडौं फर्किए । उनलाई बिदाइ गरेसँगै पत्रकारहरूसँग राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले भने, 'गणतन्त्रको जग हल्लिसक्यो । ढल्नमात्रै बाँकी छ ।'

यता काठमाडौंमा विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईं र उनी नेतृत्वको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाऊ महाअभियान समूह लगातार गणतन्त्रविरुद्ध प्रदर्शनमा छ । प्रसाईं नेतृत्वको समूहको प्रदर्शनलाई बेवास्ता गरेर पूर्वराजा शाह शुक्रबार झापा पुगेका थिए ।

त्यहाँ राप्रपाको शक्ति प्रदर्शनमा सहभागी भएपछि गणतन्त्र प्राप्तिको आन्दोलनका एक जना नेता तथा कांग्रेस महामन्त्री गगन थापा असन्तुष्ट भए । उनले शाहलाई राजतन्त्र फर्काउने नै हो भने पार्टी खोलेर चुनाव लड्न चुनौती दिए । यदि, दल खोलेर चुनाव नलड्ने भए जुवाको खालमा जसरी च्याँखे नथाप्न चेतावनी दिए ।

'पूर्वराजाले पनि जुवाको च्याँखे खालमा दाउ हान्ने होइन, च्याँखे खालमा दाउ नहान्नुस् महाराज, खेल्ने भए सीधै खालमा (बाँकी पष्ठ २ मा)

# मध्यपहाडमा एमाले, छेक्दै पहिचानवादी

- पाँच एजेण्डासहित एमाले मध्यपहाडमा जाने
- झुलाघाटमा सुरु हुने अभियानको अन्त्य फिदिममा
- ओलीसहितका नेताहरु अभियानमा सहभागी हुने
- प्रतिरोधमा उत्रिने पहिचानवादीको चेतावनी

■ **जेबी योञ्जन**

**काठमाडौं–** नेपाल कम्युनिस्ट पार्टी स्थापना भएको ७५औं वर्षोत्सव मनाइरहेको प्रमुख विपक्षी दल नेकपा एमाले मध्यपहाडमा जाँदै छ । 'मध्यपहाडी लोकमार्ग' नामक अभियानमार्फत एमाले मध्यपहाडमा जान लागेको हो । अभियान यही १४ देखि ३० मंसिरसम्म सञ्चालन हुने पार्टी उपमहासचिव प्रदीप ज्ञवालीले बताए ।

अभियानमा अध्यक्ष केपी शर्मा ओलीसँगै अन्य पदाधिकारी र विभिन्न जिम्मेवारीमा रहेका तल्ला तहसम्मका नेताहरू सहभागी हुने छन् । दार्चुलाको झुलाघाटबाट अभियान सुरु हुने छ । अन्त्य भने पाँचथरको फिदिममा हुने उपमहासचिव ज्ञवालीले जानकारी दिए ।

अभियानलाई मध्यपहाडमा एमालेको शक्ति प्रदर्शनको रूपमा लिइएको छ । बिहीबारमात्रै भ्रातृ संगठन युवा संघ नेपालको नेतृत्वमा युवा-विद्यार्थीहरूले काठमाडौंको तीनकुने क्षेत्रमा शक्ति प्रदर्शन गरेका थिए । यसलाई अध्यक्ष ओलीले 'झलक' भनेका छन् ।

अझ ठूलो प्रदर्शन सरकार र प्रतिगामी शक्तिविरुद्ध हुने बताउँदै (बाँकी पष्ठ २ मा)




### प्रसाईंको निशानामा एमाले



विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईं नेतृत्वको 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाऊ महाअभियान' समूह लगातार एमालेविरुद्ध खनिँदै छ । एमाले र उक्त दलका अध्यक्ष केपी शर्मा ओलीसँगै नेता महेश बस्नेतविरुद्ध प्रसाईंले आपत्तिजनक अभिव्यक्तिसमेत दिने गरेका छन् ।

बिहीबार काठमाडौंको सिफलमा प्रदर्शन गर्दै उनले ओली र प्रधानमन्त्री एमा माओवादी केन्द्रका पुष्पकमल दाहाललगायत नेताहरूको निधन हुँदा जनताले खुसियाली मनाउनेसम्म भन्न भ्याए । यस्तो आपत्तिजनक अभिव्यक्तिपछि उनले कम्बोडियालगायत देशमा ओली र अन्य नेताहरूको लगानी रहेको आरोप पनि दोहोऱ्याए । यसअघि बिहीबार बल्खुमा गरेको प्रदर्शन र शुक्रबार भक्तपुरको ठिमीस्थित घरमै आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष ओली र नेता बस्नेतमाथि प्रसाईं खनिएका थिए । उनी पूर्वएमाले केन्द्रीय सदस्यसमेत हुन् । अघिल्लो वर्षदेखि राजावादी कित्तामा उभिएसँगै प्रसाईंको निशानामा ओलीसहितका नेताहरू पर्दै आएका छन् ।



नेकपा एमाले मधेसमा आगो बलेको बेला निभाउँदै अघि बढेको पार्टी हो । त्यही भएर हामी कसैले प्रतिरोध गर्ने कुरालाई महत्त्व पनि दिँदैनौं । कसैले रोक्न सक्दैन एमालेलाई ।

■ **प्रदीप ज्ञवाली**
**उपमहासचिव, नेकपा एमाले**

पहिचानवादीलाई आतंककारीजस्तो गम्भीर अभियोग लगाउने एमाले अध्यक्ष खड्गप्रसाद ओली, संघीय संसद्मा पहिचानवादीहरूको हुर्मत काढ्ने योगेश भट्टराई तथा यो भूमि तेरो बाउको बिर्ता र आमाको दाइजो हो ? भनेर आदिम निवासीजनलाई दबाउन खोज्ने एमाले नेतालाई उक्त अभियानमा समावेश नगरियोस् ।

■ **पहिचानवादीको अपिल**

**सन्दर्भ : वैदेशिक रोजगार**

## श्रमिकका परिवारसँग बोर्डको स्थलगत संवाद

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार बोर्डको सचिवालयले वैदेशिक रोजगारीमा गएका श्रमिकका परिवारसँग स्थलगत संवाद गर्ने भएको छ । बोर्ड बैठकबाट निर्णय भई कार्यान्वयनका लागि तय गरेका कार्यक्रममध्ये विदेशमा गएका नेपाली श्रमिकहरूका परिवारसँग तत्काले स्थलगत संवाद गर्ने भएको हो ।

बोर्डले रोजगारीको क्रममा विदेशमा रहेका श्रमिकका परिवारलाई भेट्ने कार्यक्रमलाई निरन्तरता दिने कार्यक्रम पुन: सञ्चालन गर्न लागेको उल्लेख गरेको छ । उक्त कार्यक्रमले विदेशमा रहेका श्रमिकहरूको मनोबल उकासिने र नेपालमा रहेको परिवारमा थप हौसला मिल्ने विश्वास गरिएको बोर्डका निर्देशक एवं सूचना अधिकारी टीकाराम ढकालले बताए । 'बोर्डले दसैंअघि लुम्बिनी प्रदेशको नेपालगञ्जमा वैदेशिक रोजगारमा गएका श्रमिकका परिवारसँगको स्थलगत संवाद कार्यक्रम गरिसकेको छ,' उनले भने, 'आगामी दिनमा बाँकी छ वटा प्रदेशमा पनि तत्काले कार्यक्रम गर्ने तयारी भइहेको छ ।' बोर्ड बैठकले निर्धारण गरेका उल्लिखित कार्यक्रमसँगै अतिरिक्त कार्यक्रमहरूलाई पनि सँगसँगै लैजान लागिएको उनले जानकारी दिए ।




यसैगरी बोर्डले वैदेशिक रोजगारका क्रममा मृत्यु भएका तथा अंगभंग भएका श्रमिकका बालबालिकाहरूलाई दिइने छात्रवृत्तिका लागि आवेदन आह्वान भइरहेको जनाएको छ । चाडबाडको बिदाकै समयमासमेत बोर्डले वैदेशिक रोजगारीका क्रममा मृत्यु भएकाहरूमध्ये चारजनाको शव परिवारलाई जिम्मा लगाइएको पनि ढकालले बताए । विदेशमा रहेका नेपाली श्रमिकहरूको हकहितका लागि काम गर्दै आएको बोर्डले चाडबाडभन्दा पनि श्रमिकको हितलाई ध्यानमा राखेर काम गर्दै आइरहेको उनको भनाइ छ ।

बोर्डले नियमत रूपमा विदेशमा अलपत्र परेका श्रमिकहरूको उद्धार, अंगभंग तथा बिरामी कामदारलाई आर्थिक सहायता, वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका श्रमिकको स्वदेशमा शव झिकाउने र मृतकको शव घर ठेगानासम्म ढुवानी गर्ने तथा मृतक कामदारका परिवारलाई आर्थिक सहायता प्रदान गर्ने, श्रमिकका परिवारलाई स्वास्थ्य उपचार सहयोग गर्ने तथा अभिमुखीकरणलगायतका कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

## पटक-पटक विभागको सर्भर डाउन, सेवाग्राही मर्कामा




**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागको सर्भर पटक-पटक डाउन हुँदा सेवाग्राहीले सास्ती बेहोर्नुपरेको छ । विभागको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेइम्स) मा पटक-पटक समस्या आएका कारण सेवाग्राही सास्ती खेप्न बाध्य भएका हुन् ।

फेइम्स प्रणालीको सर्भर डाउन भएपछि विभागले फाइल सर्भर मेन्टिनेन्स कार्य भइरहेको भन्दै उक्त प्रणालीमा कुनै डकुमेन्ट अपलोड नगर्न सम्बन्धित सबैको जानकारीका लागि सूचना जारी गरेको छ । विभागले अर्को सूचना जारी नभएसम्म फेइम्स प्रणालीमा डकुमेन्ट अपलोड नगर्नसमेत आग्रह गरेको छ । यद्यपि, फेइम्समा समस्या आएको यो पहिलोपटक भने होइन । यसअघि पनि पटक-पटक फेइम्समा समस्या आएर सेवाग्राहीले सास्ती खेप्नुपरेको वैदेशिक रोजगार व्यवसायीको गुनासो छ । व्यवसायीका अनुसार फेइम्सको सर्भर डाउन भएपछि वैदेशिक रोजगारीमा जानेहरू श्रम स्वीकृति लिन वैदेशिक रोजगार कार्यालयमै पुग्न बाध्य भएका छन् ।

वैदेशिक रोजगारसम्बन्धी सबै कार्य पूर्णरूपमा अनलाइनमार्फत सेवा प्रवाह भइरहेका बताइए पनि फेइम्स प्रणालीमा पटक-पटक समस्या आउनुमा विभागकै लापरवाही रहेको सेवाग्राहीहरूको आरोप छ । यता फेइम्समा आइरहने समस्याको दीर्घकालीन समाधानका लागि काम भइरहेको विभागका महनिर्देशक मदन दाहालले बताए । उनका अनुसार सर्भरको क्षमता कम रहेको र सेवाग्राहीको चाप बढेकाले पटक-पटक समस्या आउने गरेको छ ।




# ‘चिकित्सा शिक्षा अध्यापनमा तत्काल सहजीकरण गर्नुपर्छ’

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले देशभित्रै चिकित्सा शिक्षा अध्ययन अध्यापनका लागि तत्काल सहजीकरण गर्नुपर्ने बताएका छन् । शनिबार यहाँ आयोजित कार्यक्रममा उनले चिकित्सा शिक्षा अध्ययनका लागि सहजीकरण गर्न नसके आगामी समयमा देशमा स्वास्थ्य जनशक्तिको अभाव हुनसक्ने बताए ।

मन्त्री बस्नेतले चिकित्सा अध्ययनका लागि १०० देखि ३०० सम्म शयचाका अस्पताललाई प्यारामेडिक्स र नर्सिङ र ३०० भन्दा बढी शयचाका अस्पतालमा मेडिकल अधिकृत पठनपाठनको अनुमति दिन चिकित्सा शिक्षा आयोगलाई मन्त्रालयले गरेको प्रस्ताव स्मरणसमेत गराए ।

‘यही अवस्था हो भने पाँच वर्षपछि चिकित्सक र नर्स पाइँदैन,’ मन्त्री बस्नेतले भने, ‘स्वास्थ्य क्षेत्रमा रहेको भाँडभैलोलाई हामीले प्रस्ताव राखेको कुरालाई कानुनअनुसार कारबाही हुनसके सातै प्रदेशमा थोरै जनशक्ति थपेर मेडिकल कलेज खोल्न सकिन्छ ।’ उनले चिकित्सक एवं स्वास्थ्यकर्मीले उमेरका कारण सेवाबाट अवकास लिएपछि पनि आफ्नो ज्ञान र अनुभव बाँड्ने अभ्यास जारी राख्न सुझाव दिए ।

‘नेताहरू कहिल्यै रिटायर्ड भएनन्, ९२ वर्ष उमेरका पनि प्रधानमन्त्री हुनुभयो । तर तपाईंहरू किन रिटायर्ड हुने ?,’ मन्त्री बस्नेतले चिकित्सकतर्फ लक्षित गर्दै भने । उनले ट्रमा सेन्टरलाई आवश्यक स्वास्थ्य उपकरण उपलब्ध गराउनेसमेत प्रतिबद्धता व्यक्त गरे ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स)का उपकुलपति प्रा.डा. भूपेन्द्रकुमार बस्नेतले दक्ष जनशक्तिको उत्पादन, भरपर्दो, विश्वसनीय, गुणस्तरीय साथै विज्ञेषज्ञ सेवा प्रवाह गर्न सुझाव दिए । मन्त्रालयले स्वास्थ्य क्षेत्रमा जनशक्ति उत्पादनका लागि नर्सिङ पारामेडिकल र एमबिबिएस शैक्षिक कार्यक्रम सञ्चालनका लागि राखेको प्रस्तावप्रति उनले आभारसमेत प्रकट गरे ।

सेन्टरका निर्देशक डा. बद्री रिजालले ट्रमा उपचार केन्द्रसँग समन्वय र सहकार्य गर्नेगरी सेन्टरलाई ट्रमासम्बन्धी उपचार एवं अध्ययन अनुसन्धानका लागि ‘सेन्टर अफ एक्सिलेन्स’का रूपमा विकास गर्न मन्त्रीको ध्यानाकर्षण गराए ।

‘जनसंख्या वृद्धि, प्राकृतिक प्रकोपमा बढोत्तरी, विपत्ति आदि कारणले हुने दुर्घटनाजन्य बिरामीको चापमा हुने वृद्धिका कारण यस सेन्टरको क्षमता विस्तार गर्दै नयाँ प्रविधिसहित सेवा प्रवाह गर्न सम्बन्धित निकायले विशेष ध्यान दिन जरुरी रहेको छ,’ डा. रिजालले भने, ‘नेपाल सरकारको पछिल्लो नीतिअनुसार प्राथमिक ट्रमा उपचार केन्द्रसहित देशैभर विभिन्न स्थानमा ट्रमा सेन्टर तत्काल स्थापना गर्नुपर्ने आवश्यकता रहेको छ ।’

वार्षिकोत्वका अवसरमा पूर्वनिर्देशक डा. अशोक रत्न बज्राचार्य, डा. बुलन्द थापा, डा. प्रमोदकुमार उपाध्याय र नर्सिङ सेवातर्फ रत्नमाया सुवाललाई सेन्टरले सम्मान गरेको थियो । सेन्टरबाट आर्थिक वर्ष २०७९/८० मा एक लाख ४२७ जनाले स्वास्थ्योपचार सेवा लिएका छन् ।

बहिरंग सेवा लिने बिरामीको संख्या ८२ हजार ९७८ जना र आकस्मिक सेवा लिने १७ हजार ४४९ जना रहेका छन् । यस्तै सेन्टरको मृत्युदर गत आवमा १.९३ रहेको छ । अधिकांश बिरामी बागमती, मधेस, कोशी र गण्डकी प्रदेशका रहेका छन् ।

सेन्टरका लेखा अधिकृत श्यामसुन्दर साहका अनुसार सरकारबाट प्राप्त अनुदान तथा स्रोतको पछिल्लो पाँच वर्षको बजेटको तुलनामा गत आव २०७९/८० मा सबैभन्दा बढी बजेटमा ६१ करोड २३ लाख ३६ हजार रूपैयाँ विनियोजन भएको थियो । उक्त आवमा सबैभन्दा बढी अर्थात् ७५.१५ प्रतिशतले सेन्टरको वार्षिक आम्दानी वृद्धि भएको उनले बताए ।

## मध्यपहाडमा...

आएका छन् । उनले भनेको प्रतिगामी शक्ति पछिल्ला समय दुर्गा प्रसाईं र उनी नेतृत्वमा एकताबद्ध भएका राजा-हिन्दूवादीहरू हुन् । राजेन्द्र लिङ्देन अध्यक्ष रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)लाई पनि उनले प्रतिगामी शक्ति भन्ने गरेका छन् ।

यसरी लिङ्देनको दल र प्रसाईं नेतृत्वको समूहसँगै सरकारविरुद्ध एमालेले मध्यपहाडमा शक्ति प्रदर्शन गर्न लागेको हो । त्यसक्रममा मध्यपहाडबाट भइरहेको बढ्दो बसाइँसराइ नियन्त्रणबारे स्थानीयवासीसँग छलफल हुने पनि ज्ञवालीले बताए ।

‘पूर्वाधारको विकास भएको छ तर मध्यपहाडमा बसाइँसराइ रोकिएन । पहाड रित्तिँदै जाने जोखिम बढेको छ । सरकार भने जनताको प्रत्यक्ष समस्यासँग जोडिन सकेन,’ उनले प्रभावसँग भने, ‘के-कसरी बसाइँसराइ नियन्त्रण गर्न सकिन्छ भन्ने जानकारी लिन अभियान महत्त्वपूर्ण हुने छ ।’

देश विकास भइरहँदा पनि राजावादी दल राप्रपा र दुर्गा प्रसाईंको समूहले निराशा फैलाउने कोसिस भइरहेको भन्दै एमाले असन्तुष्ट छ । यसलाई चिर्दै देश बन्ने र बनिरहेको आशा र विश्वास जनतामा जगाउन पनि अभियानको औचित्य हुने ज्ञवालीले बताए ।

उनका अनुसार कम्युनिस्ट पार्टी स्थापना भएको ७५ वर्ष पूरा भएको र यसबीचमा कम्युनिस्ट पार्टीहरूले देशको विकास र समृद्धिका लागि गरेका मूलभूत गतिविधिबारे जनतालाई थाहा दिन पनि अभियान सञ्चालन गर्न लागिएको हो । एमालेले अभियान सञ्चालन गर्न लागेको राजमार्गको पूरा नाम भने ‘पुष्पलाल मध्यपहाडी लोकमार्ग’ हो ।

नेकपाका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको नामबाट लोकमार्गको नाम राखिएको हो । उनै पुष्पलाल र वि.सं. २००६ सालमा नेकपा स्थापना गरिँदाको इतिहासलाई वर्तमान कम्युनिस्ट आन्दोलनसँग जोड्न पनि अभियान महत्त्वपूर्ण हुने दाबी एमालेको छ ।

तर, एमालेको उक्त अभियानलाई भने अवरोध पुर्‍याउने तयारी पहिचानवादीहरूले गरेका छन् । उनीहरूले अध्यक्ष ओलीसहितका नेताहरूलाई अभियानमा सहभागी नगराउन चेतावनी नै दिएका छन् ।

‘मध्यपहाडी लोकमार्गमा नेकपा एमालेले सञ्चालन गर्ने भनिएको अभियानमा कोशी नाममा हस्ताक्षर गर्ने ८२ सांसदहरू (जसअन्तर्गत पहिचानवादीलाई आतंककारीजस्तो गम्भीर अभियोग लगाउने एमाले अध्यक्ष खड्गप्रसाद ओली, संघीय संसद्मा पहिचानवादीहरूको हुर्मत काढ्ने योगेश भट्टराई तथा यो भूमि तेरो बाउको बिर्ता र आमाको दाइजो हो ? भनेर आदिम निवासीजनलाई दबाउन खोज्ने एमाले नेता पर्दछन्) लाई उक्त अभियानमा समावेश नगरियोस्,’ पहिचानवादी आन्दोलनका नेता गोपाल किरातीले शनिबार साझा गरेको अपिलमा उल्लेख छ ।

जबरजस्ती अभियानमा ती नेताहरूलाई सहभागी गराइएको अवस्थामा सशक्त प्रतिरोधको कार्यक्रम घोषणा गर्ने पनि भनिएको छ । पहिचानवादीहरूले गत १३ वैशाखमा अध्यक्ष ओली गृहजिल्ला झापामा सहभागी कार्यक्रमलाई बिथोल्ने प्रयास गरेका थिए । उनीहरूले ढुंगामुढा नै गरेका थिए । त्यसपछि इलाम, तेह्रथुम र पाँचथरमा भएको कार्यक्रम पनि बिथोल्ने प्रयास गरेका थिए । यसपछि रुष्ट ओलीले पहिचानवादीहरूलाई आतंककारीको संज्ञा दिए ।

यसप्रति पहिचानवादीहरू आक्रोशित छन् । परिणामतः एमालेले मध्यपहाडी लोकमार्ग केन्द्रित अभियान घोषणा गरेलगत्तै पहिचानवादीहरूले ओलीसहितका नेताहरूलाई अभियानमा सहभागी नगर्न र गराइए प्रतिरोध गर्ने चेतावनी दिएका हुन् ।

तर, एमाले उपमहासचिव ज्ञवाली भने पहिचानवादीहरूले अभियानलाई प्रभावित पार्न नसक्ने बताउँछन् । ‘नेकपा एमाले मधेसमा आगो बलेको बेला निभाउँदै अघि बढेको पार्टी हो,’ ज्ञवालीले भने, ‘त्यही भएर हामीलाई प्रतिरोध गर्ने कुरालाई महत्त्व पनि दिँदैनौं । कसैले रोक्न पनि सक्दैन एमालेलाई ।’

पहिचानवादीहरूको बुझाइमा तत्कालीन प्रदेश नम्बर १ को नाम ‘कोशी’ राख्न एमालेको भूमिका ठूलो छ । हुन पनि एमालेकै तत्कालीन मुख्यमन्त्री हिक्मतकुमार कार्की नेतृत्वको सरकार रहँदा सोही दलका सांसद राम राना प्रस्तावक र अर्का सांसद शम्शेर राई समर्थक भएर प्रदेशको नाम कोशीसम्बन्धी प्रस्ताव १७ फागुन २०७९ मा पेस गरेका थिए । जुन प्रस्ताव सोही दिन दुई तिहाइभन्दा बढी मतले पारित भयो ।

यसपछि निरन्तर एमालेप्रति पहिचानवादीहरू खनिँदै आएका छन् । उसो त प्रदेशको नामसम्बन्धी प्रस्ताव पारित गराउन भने कांग्रेस र माओवादीका सांसदहरूले पनि मतदान गरेकाथिएतर,पहिचानवादीहरूले आन्दोलन चर्काएपछि प्रदेश नाम संशोधनको एजेण्डा उठाए । यसले गर्दा पहिचानवादीहरू कांग्रेस र माओवादीका प्रदेश सांसदहरूप्रति नरम देखिएका छन् ।

## राजनीतिक...

भिड्न आए हुन्छ, कांग्रेस भिड्न तयार छ,’ कांग्रेस गुल्मीको सम्मेलन उदघाटन गर्दै थापाले भने, ‘जाने पार्टी खोल्ने, चुनाव लड्ने, हाम्रो संविधानले दिन्छ । बहुमत ल्याउने संविधान बदल्ने फेर्ने । राजतन्त्र फर्काउने ।’

देशमा राजतन्त्रको अन्त्य भएको डेढ दशक नाघ्यो । एउटै वंशका सन्तान राष्ट्रप्रमुख हुने राजतन्त्रात्मक प्रणालीको अन्त्यसँगै देश संघीय लोकतान्त्रिक गणतन्त्रात्मक भएको छ । तत्कालीन नेकपा माओवादीले थालेको १० वर्षे सशस्त्र विद्रोह र दोस्रो जनआन्दोलनको जगमा राजतन्त्र ढलेको हो । यसपछि तत्कालीन राजा ज्ञानेन्द्र नागरिकको हैसियतमा छन् । तर, उनी र राप्रपासहितका केही शक्ति बारम्बार राजतन्त्र फर्काउने जमर्कोमा छन् ।

## मोटरसाईकल हरायो

**मिति २०८०।०८।०५ गते बिहान ७ देखी ८ बजे भित्रमा का.जि. टोखा न.पा. वडा नं. ०७मा पार्किङ गरिराखेको स्थानबाट मेरो निम्न व्यहोरा भएको १५० सिसिको कालो/रातो रंगको पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहोला**

**नाम : रमेश प्रसाद बजगाँई**
मो.सा.न.: बा. प्रदेश ०२-०४६ प ५७३७
चेसिस नं.:MD2A13EXN8NCM85075
इन्जिन नं. : DKXCNM39415
सम्पर्क नं. : 9841604930

## नाम परिवर्तन सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित**
**मिति : २०८०/०८/१० गते**

मिति २०८०/०५/२६ मा साविकको नाम **कुमार एडभेन्चर ट्रेक्स एण्ड एक्सपिडीसन प्रा.लि.** परिवर्तन भई **कल्चर ट्रेल्स नेपाल प्रा.लि.**भएको जानकारी गराउँदछु ।

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८०/०८/१०**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनीको रजिष्ट्रार कार्यालयबाट मितिः २०८०/०५/०१ मा स्विकृत प्राप्त भई साविक **सत्यनाम नेचर क्युअर हस्पिटल प्रा. लि.** (प्रा.लि.नं. १७५३५४/०७४/०७५) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **जी.एन.पि. हस्पिटल प्रा. लि.** अंग्रेजीमा **G.N.P. Hospital Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

## गौर राइस, आयल एण्ड फ्लोर मिल्स (नेपाल) लिमिटेडको वार्षिक साधारण सभाको सूचना !

**श्री सेयरधनी महानुभाव ज्यूहरू,**

मिति २०८०/८/१ मा बसेको यस कम्पनीको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण सेयरधनी महानुभावहरूको जानकारी एवम् उपस्थितिका लागि यो सुचना प्रेषित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :**
मिति : २०८० पौष ३ गते
स्थान : कम्पनीकै रजिष्ट्रार कार्यालय
समय : विहान ११:०० बजे ।

**छलफलका विषयहरू :**

**(क) साधारण प्रस्तावहरू :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व.०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व.०७९/०८० को वासलात, नाफा नोक्सान, हिसाब र नगद प्रवाह विवरण माथि छलफल पारित गर्ने ।
३. आ.व.२०८०/०८१ को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक समितिले आ.व. ०७९/०८० मा गरेका मुख्य निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा ।
५. सञ्चालक समितिको गठन गर्ने सम्बन्धमा ।
६. विविध ।

**(ख) विशेष प्रस्तावहरू :**

१. स्वतन्त्र सञ्चालक आव्हान गर्ने बारे ।
२. कम्पनीको सचिवको नियुक्ति गर्ने बारे ।

**(ग) विविध प्रस्तावहरू :**

**वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी :**

(क) वार्षिक साधारण सभाको सूचना तथा संक्षिप्त प्रतिवेदन प्रयेक सेयरधनीको उपलब्ध ठेगानामा हुलाक/कुरिएर/ईमेल/मेसेन्जर मार्फत् पठाइनेछ । वार्षिक साधारण सभा सम्बन्धी कुनै जानकारी आवश्यक भएमा कम्पनीको रजिष्ट्रार कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।
(ख) साधारण सभामा उपस्थित हुँदा प्रवेश पत्र वा सेयर प्रमाण पत्र लिई उपस्थित हुन अनुरोध गरिन्छ ।
(ग) सेयरधनी महानुभावहरूको उपस्थिति पुस्तिकामा दस्तखत गर्न सेयरधनी पुस्तिका विहान १०:३० बजेदेखि खुल्ला गरिनेछ ।
(घ) साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने सेयरधनीहरूले प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा सुरु हुनु भन्दा कम्तीमा ४८ घन्टा अगावै कम्पनीको सम्पर्क कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनीको अध्यक्ष**


## MAURITIUS मा रोजगारीको सुवर्ण अवसर

कम्पनी : PICK AND BUY LIMITED
पूर्व स्वीकृति मिति : २०८०/०८/०८ LT. No.: 295391 चलानी नं. :६०२१०४५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 35 | 0 | 15000 | ४५१६५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pastry Makers | 30 | 0 | 15000 | ४५१६५ | | | | | | | |
| 3 | Shelf Workers | 125 | 0 | 15000 | ४५१६५ | | | | | | | |
| 4 | Store Helpers | 10 | 0 | 15000 | ४५१६५ | | | | | | | |

कम्पनी : METASIGN COMPANY LTD
पूर्व स्वीकृति मिति : २०८०/०८/०८ LT. No.:295229 चलानी नं. :६०२१०२६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Fabricators | 20 | 0 | 16665 | ५०१७८ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | WELDER TIG MIG | 20 | 0 | 16665 | ५०१७८ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर १७ गते (3nd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १९,५००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



## UAE मा रोजगारको अबसर

SMOOTH MANPOWER & STAFFING SOLUTIONS, UAE
पुर्व स्विकृति मितिः 2080.08.05 चलानी नं. ६०२१०२७४ LT No. 295122

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioning Mechanic | 25 | काममा दक्ष | 1100 | 39816 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Steel Fixer | 20 | | 1100 | 39816 | | | | | | | |
| 3 | Brick Layer | 8 | | 1100 | 39816 | | | | | | | |
| 4 | Building Laborer | 14 | | 900 | 32576 | | | | | | | |
| 5 | Painter | 13 | | 1100 | 39816 | | | | | | | |
| 6 | Painter Assistant | 20 | | 1100 | 39816 | | | | | | | |
| 7 | Carpenter | 15 | | 1100 | 39816 | | | | | | | |
| 8 | Electrician | 12 | | 1100 | 39816 | | | | | | | |
| 9 | Cleaner | 20 | | 900 | 32576 | | | | | | | |
| 10 | Plumber | 20 | | 1100 | 39816 | | | | | | | |
| 11 | Tile Layer | 10 | | 1100 | 39816 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैले | कामदार आफैले | रु.१५०० कामदार आफैले |

अन्तरवार्ताः सम्वन्धित कम्पनीको प्रतिनिधीवाट निम्नानुसारको ठेगाना तथा मितिमा हुनेछ ।
✧ दमकः अक्टोपस ट्रेनिङ्ग सेन्टरमाः २०८० मंसिर १७ गते (3 December 2023)
✧ इटहरीः इटहरी मल्टिपल ट्रेनिङ्ग सेन्टरमाः २०८० मंसिर १८ गते (4 December 2023)
✧ जनकपुरः शिबम् ट्रेनिङ्ग सेन्टरमाः २०८० मंसिर १९ र २० गते (5 & 6 December 2023)

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

लागत खर्चः निःशुल्क

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744


## Invitation for Bids

(Notice No: 04-080/081)

**(Date of Publication: 2080/08/10)**

1. **Road Division Nuwakot** invites Open Competitive Bidding (E-Bids only) from eligible bidders for the Road Construction Works under National Competitive Bidding as follows.

| IFB No. | Contract no. | Description and location of works | Estimated amount (Excluding VAT & Contingencies) NRs. | Qualification Criteria | Bid Security Amount, NRs. | Price of Bid document, NRs. |
|---|---|---|---|---|---|---|
| 04-080/81(1) | RDNKT/33701138/080/81/41 | Rehabilitation works at Gryang-sole section of Betrawoti-Dhunche-Syafrubsi Sadak (NH 18) | 17,081,473.78 | NA | 470,000/- | 3000 |
| 04-080/81(2) | RDNKT/33701138/080/81/42 | Specific Maintenance Works Of Samakhusi -Tokha- Gurje- Bidur Road(NH-40),Nuwakot | 8,538,036.46 | NA | 235,000/- | 3000 |
| 04-080/81(3) | RDNKT/33701138/080/81/43 | Upgrading works of Balaju - Betrabeti Road (NH-18), Nuwakot | NA | As stated in bid document | 616,000/- | 5000 |
| 04-080/81(4) | RDNKT/33701169/080/81/44 | Road improvement works of Aadam khola-Pokhari gaun-Barvabhanjyang- Keurinitar Sadak, Dhading | 8,546,128.14 | NA | 235,000/- | 3000 |
| 04-080/81(5) | RDNKT/33701169/080/81/45 | Road Improvement works on Budisera Aapchaur Baniyatar Rahultar Satbise Road, Nuwakot | 17,122,539.78 | NA | 471,000/- | 3000 |

2. Pre Bid Meeting, Bid Submission and Bid Opening Dates are as given below.

| IFB No. | Pre-Bid Meeting Date | Last Date of Bid Submission | Bid Opening Date and Address | Details of Bank for deposit of Cost for Bid Document | Details of Bank for Cash Deposit for Bid Security |
|---|---|---|---|---|---|
| 04-080/81(1) to 04-080/81(5) | 2080/08/26 13.00 hrs Dec 12,2023 | 2080/09/11 12.00 hrs Dec 27,2023 | 2080/09/11 13.00 hrs Dec 27,2023 | Name of the Bank: Nepal Bank Limited Trishuli Revenue A/c Name: Road Division, Nuwakot (Office Code No.: **337012902**) Account No.: **00101000000001001001** Rajaswa (revenue) Shirshak no.:**14229** | Name of the bank: Nepal Bank Limited, Trishuli A/C: Deposit Account District Treasury Office, Nuwakot (Office Code No.: **337012902**) Account No.: **026-01-000002003000001** |

3. Bidders may obtain further information at the office Name: Road Division Nuwakot, Location: Bidur, Nuwakot; mailing address: rd_nuwakot@dor.gov.np ; Telephone: 010-560253 facsimile: 010-560254 or may visit PPMO's e-procurement website: www.bolpatra.gov.np/egp.
4. Any amendment in the tender notice will be published in the notice board of Road Division, Nuwakot and e-procurement section of PPMO's website: www.bolpatra.gov.np/egp.
5. Interested bidders should submit online bids through e-procurement portal www.bolpatra.gov.np/egp. only on or before stipulated time mentioned in above table. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Operating Guideline 2074 and User manuals issued by PPMO, which are available in e-GP system.
6. ***The Bid Validity Period/Bid Security Validity Period of each contract shall be 90 Days/ 120 Days from the date of bid opening.***
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
8. The matters not covered in this tender notice shall be in accordance with the latest amendments of Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.

**Division Chief**

# मधेसका ४३ प्रतिशत किसान परिवारलाई खाना अपुग

**जनकपुरधाम–** अन्नभण्डारका रूपमा रहेको मधेस प्रदेशमा कृषिकर्म गर्नेमध्ये ४३ प्रतिशत परिवारलाई आफ्नो उत्पादनले वर्षभरि खान नपुग्ने गरेको पाइएको छ । राष्ट्रिय कृषि गणना-२०७८ अनुसार मधेसमा सात लाख ३८ हजार ३४० कृषक परिवारमध्ये ४३ प्रतिशत परिवारलाई आफ्नै उत्पादनले वर्षभरि खान नपुग्ने गरेको पाइएको हो ।

नेपालको कूल जनसंख्यामध्ये ६१ लख १४ हजार ६०० जनसंख्या अर्थात् ११ लाख ५६ हजार ७१५ परिवार बसोबास गर्ने यस प्रदेशमा सात लाख ३८ हजार ३४० अर्थात् ६३.८ प्रतिशत परिवार कृषक रहेका तथ्यांकमा उल्लेख गरिएको छ ।

प्रदेशका आठ जिल्लामा छरिएर रहेका ती कृषक परिवारले चार लाख ९२ हजार ४९७ हेक्टरमा कृषिकार्य गर्ने गरेकामा ५७ प्रतिशतलाई मात्रै आफ्नै कृषि उत्पादनले वर्षैभरि खान पुग्ने गरेको कृषि गणना २०७८ मा उल्लेख गरिएको छ ।

तथ्यांकले अधिकांश कृषक परिवारले जीवन निर्वाहका लागिमात्रै कृषि कर्म गर्ने गरेको देखाएको छ । जसअनुसार कृषि उत्पादनको हिस्सामध्ये १.८ प्रतिशतमात्रै बिक्री गर्ने गरिएको पाइएको छ । त्यसबाहेक ६२.२ प्रतिशत सबै घरायसी, ३० प्रतिशत मुख्य घरायसी र केही बिक्री तथा ५.६ प्रतिशत मुख्य बिक्री र केही घरायसी प्रयोग गर्ने गरिएको छ । मधेस प्रदेशमा अहिले पनि आम्दानीको मुख्यस्रोत कृषि कार्य हो भनी बताउने कृषकको हिस्सा ६४.३ प्रतिशत छ ।

कृषक परिवारअन्तर्गत मधेसमा जम्मा कित्ता संख्या २१ लाख ७४ हजार ७९८ र प्रतिकृषक परिवार कित्ता संख्या २.९ प्रतिशत देखाएको छ । यहाँ सबैभन्दा बढी तीन लाख ८४ हजार ५५३ हेक्टरमा धानबाली र दुई लाख ४७ हजार ६० ९ हेक्टरमा गहुँ र ३३ हजार ७१९ हेक्टरमा मकै रहेको छ । यहाँ एकबाली सकिनासाथ अर्को बाली लगाउने अर्थात् बाली सघनता १.८७, स्थायी बालीका रूपमा रहेका आँप, केरा र कागती क्रमशः १५ हजार ४३३ हेक्टर, एक हजार १८३ र १३७ हेक्टर छ ।

कृषि गणनाको विवरणअनुसार कृषि कार्यका लागि उपकरण प्रयोग गर्ने किसानको संख्यामध्ये ट्र्याक्टर ६४.७, फलामे हलो २०.८ र पावरट्रिलर ४.७ प्रतिशत छ । त्यस्तै, प्रदेशमा १६.२ प्रतिशत कृषक परिवारले कृषि प्रयोजनका लागि ऋण लिएका, १.२ प्रतिशतले मात्रै कृषि बिमा गरेका र ३.७ प्रतिशतले सरकारी अनुदान पाएका छन् ।

यहाँ मुख्य कृषकमा ८५.८ प्रतिशत पुरुष र १४.२ प्रतिशत महिला रहेको छन् भने कृषक परिवारमध्ये ३०.१ प्रतिशतले कृषि कार्यका

- अधिकांश कृषक परिवारले जीवन निर्वाहका लागिमात्रै कृषि कर्म गर्ने गरेको तथ्यांक
- कृषि उत्पादनको हिस्सामध्ये १.८ प्रतिशतमात्रै बिक्री
- आम्दानीको मुख्यस्रोत कृषि कार्य भनी बताउने कृषक ६४.३ प्रतिशत

अतिरिक्त अन्य आर्थिक क्रियाकलाप पनि सञ्चालन गर्ने गरेका छन् ।

त्यस्तै, मधेसमा गाईगोरुको संख्या करिब तीन लाख ८० हजार, राँगाभैंसीको संख्या करिब पाँच लाख २९ हजार, बाख्रा, खसी, बोका, च्यांग्राको संख्या करिब १४ लाख ४८ हजार तथा कुखुराको संख्या करिब २४ लाख ६१ हजार रहेको पनि तथ्यांकले देखाएको छ ।

के भन्छन् सरोकारवाला ?

कृषि गणनाको सार, कृषि योजनाको पूर्वाधार भन्ने नारासहित गरिएको राष्ट्रिय कृषि गणना २०७८ को नतिजाले अन्नभण्डारका रूपमा रहेको मधेस प्रदेशकै अवस्था चिन्ताजनक देखाएको छ ।

प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री गोविन्दबहादुर न्यौपानेले सिँचाइ पूर्वाधार, समयमा मल नपाइनु, अनुदानको न्यायोजित वितरण नहुनुलगायत कारणले वास्तविक कृषकलाई जीवननिर्वाह गर्नसमेत समस्या भइरहेको बताए ।

मन्त्री न्यौपानेले मधेसमा सिँचाइको पर्याप्त सम्भावना भए पनि कृषिक्षेत्र र मधेस सधैं उपेक्षामा परेका कारण यहाँका कृषकले लाभ लिन नसकेको बताए । त्यसलाई मध्यनजर गरी प्रदेश सरकारले कृषिसम्बन्धी ऐन निर्माण गरी कृषि क्षेत्रको व्यावसायीकरण र नागरिकको आकर्षण बढाउने गरी काम गर्ने योजना बनाएको उनको भनाइ थियो ।

तथ्यांकमा मधेस प्रदेशमा कूल सिञ्चित क्षेत्र ७४ प्रतिशत र सिँचाइ सुविधा लिएका परिवारको संख्या ८३ प्रतिशत रहेको भनिए पनि अहिले आकाशेपानी र ट्युबवेल, पम्पसेटको सहारामा परम्परागत शैलीको कृषिकर्म गर्नुपर्ने बाध्यता छ ।

प्रदेशसभा सदस्य रामअशिष यादवले समयमा र पर्याप्त पानी नपरेका कारण यही वर्ष मधेसका किसानले भोगेका समस्याबारे कोही अनभिज्ञ नरहेको भन्दै युगान्तकारी परिवर्तन गर्ने सिँचाइ पूर्वाधार नबनाए मधेस मरुभूमि बन्ने खतरा रहेको बताए ।

मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलले कृषिप्रधान मुलुक भने पनि त्यसबाट लाभ लिने गरी नीति, योजना, कार्यक्रम र बजेटको व्यवस्था तथा रणनीतिक उपयोग गर्न नसक्दा समस्या भइरहेको बताए । मण्डलले कृषिबाट लाभ लिनका लागि अन्य देशले कृत्रिम नदी निर्माण गरिरहेका सन्दर्भ उल्लेख गर्दै नेपालले पनि अन्नभण्डारका रूपमा रहेको मधेस प्रदेशमा चुरेको फेदमा कोसीदेखि नारायणीसम्म कृत्रिम नदी निर्माण गर्न समयमै सोच्नुपर्ने सुझाव दिए ।

मधेस प्रदेशसभा प्राकृतिक स्रोत तथा वातावरण समितिकी सभापति शारदा दास (पहाडी) ले कृषिमा आधुनिकीकरण र व्यावसायीकरणका माध्यमबाट किसानलाई आकर्षण गर्नुपर्नेमा जोड दिइन् । 'कृषिमा आधारित उद्योगको प्रवर्द्धन, कृषकलाई प्रोत्साहन र सिँचाइलगायत पूर्वाधारको विकास गर्ने ठोस नीति नलिएमा आगामी केही वर्षमा अधिकांश जमिन बाँझो र खण्डहर हुने अवस्था आउन सक्छ । त्यसैले सबै तहका सरकार यसमा गम्भीर बन्न जरुरी छ,' उनले भनिन् । *रासस*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : COUNTERFORCE SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०८/०८ | LT. No. 295340 | चलानी नं. ६०२१०४३५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Gurad | 50 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० मंसिर १७ गते (3rd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sherpa International Manpower Consultancy Pvt. Ltd.** Govt. License 430/060/061

Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DURA GUARD FORCE & CONSULTANCY

पूर्व स्वीकृति मिति : २०८०/०८/०८ | LT. No. 295455 | चलानी नं. ६०२१०५०४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 26 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० मंसिर १६ गते (2nd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HAPPY NEPAL EMPLOYMENT PVT. LTD**

श्रम ईजाजत नं. ८८३/०६७/०६८

Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533
Mob: 9810124818, 9847364227,9847364227, Kalyan Thapa: 9840510091, 9851194513
Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Dharan 2, Shanti path, Nepal, Tel: 025-572026, 9842170962, 9815390822

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AG FACILITIES SOLUTIONS FOR BUILDING MAINTENANCE LLC

पूर्व स्वीकृति मिति २०८०/०७/१६ | LT. No.294522 | चलानी नं. ६०२१०४७९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Female Cleaner | 0 | 30 | 1000 | ३६,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 40 | 0 | 950 | ३४,५१५ | | | | | | | |

कम्पनी : BERKELEY SECURITY SERVICES & BUILDING CLEANING (BR. OF BERKELEY SERVICES UAE LLC

पूर्व स्वीकृति मिति २०८०/०७/०२ | LT. No.294017 | चलानी नं. ६०२०९३२०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaner | 550 | 100 | 800 | २९,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० मंसिर १७ गते (3rd Dec. 2023) मा हुनेछ ।

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**(डि. के. रिभर ओभरसिज प्रा.लि)**
**DK RIVER OVERSEAS (P.) LTD.**

Govt.Lic. No. 1102/073/074

Tokha-09, Gangabu, Kathmandu,
Tel : 01-4980932/4982214/4955132
Mobile : 9851219532 Email : dkriverhr@gmail.com


## Tapli Rural Municipality
## Office of the Rural Municipal Executive

**Rupatar, Udayapur**
**Koshi Porovince, Nepal**

## Invitation for Bids

**Date of publication: 2080/08/10**

1. The tapli Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of Following projects mentioned in table below under National Competitive Bidding procedures. – Single Envelope Bidding procedures.
2. Bidders may download the copy of the Bidding documents from PPMO website http://www.bolpatra.gov.np and upon payment of a non-refundable fee of NRs. 3000 (NRs. Three Thousand only) till 11Push 2080.Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Tapli Rural Municipality Tapli (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the Bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank, Name of the Bank:Prime Commercial Bank Ltd.Tapli Rupatar, Udayapur Name of Office: Tapli Rural Municipality. Office Account no : 07701000000025900131
3. Bidders must submit their bid electronically through e-procurement section in PPMO website http://www.bolpatra.gov.np within on or before 12.00 PM on 11 Push 2080. The electronic bid submission system will automatically reject e-submission of bid after the deadline.
4. The e- Bids submitted shall be opened in the presence of Bidders' representatives who choose to attend at 13.00 PM on 11Push 2080 at the office of Tapli Rural Municipality, Rupatar, Udayapur. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security or scanned copy of the bid security in pdf format in case of e-bid,amount as specified mention in table below which shall be valid for 30 days beyond the bid validity period
5. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account No. 07701000000026900114, Prime Commercial Bank Ltd.Tapli Branch, Udayapursubmit bank deposit voucher along with the bid.
6. Pre-Bid Meeting shall be held at the office of Tapli Rural Municipality Rupatar, Udayapur. on 2080/08/24(1:00 PM )
7. The provisions not mention in this notice will be as per PPA 2063 and PPR 2064.
8. Details of contracts for which bids are invited along with Bidder

| Contract Identification Nos | Brief Description of works | Estimate amount (Nrs) with VAT & P.s | Bid Security Amount (Nrs) | Time Completion |
|---|---|---|---|---|
| 01/TRM/UDA/ NCB/080/081 | Ward Different Sadak Nirman Wada No 2 & 3 | 55,78,976.21 | 1,50,000.00 | 20thAshad 2081 |
| 02/TRM/UDA/ NCB/080/081 | Wada Office Construction Tapli -5 | 12,71,861.19 | 35,000.00 | 20thAshad 2081 |
| 03/TRM/UDA/ NCB/080/081 | Rupatar Katahare Iname Sadak Tapli-5,3 | 19,23,086.82 | 50,000.00 | 20thAshad 2081 |
| 04/TRM/UDA/ NCB/080/081 | Katahare-Naarimala Sadak -5,2 | 19,24,788.75 | 50,000.00 | 20thAshad 2081 |

**Bhakta Bahadur Rai**
**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

म्पादकीय

# १६ दिने अभियानलाई प्रभावकारी बनाऊ

लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान शनिबारदेखि सुरु भएको छ । हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभर मनाइने यो दिवस नेपालमा पनि विभिन्न कार्यक्रमसहित मनाइन्छ । सरकारी निकाय तथा गैरसरकारी संघसंस्थाले यस अवसरमा १६ दिनसम्म अन्तरक्रिया, गोष्ठी तथा सचेतनामूलक कार्यक्रम आयोजना गरिन्छ । लैंगिक हिंसा अन्त्य गर्ने सवालमा बहस गरिन्छ । तर, यस्ता कार्यक्रमको प्रभावकारितामाथि प्रश्नसमेत उठ्दै आएको छ । कारण गैरसरकारी संस्था (एनजिओ)का अधिकांश कार्यक्रम राजधानीका तारे होटलमा सीमित हुन्छन् । ग्रामीण क्षेत्रका लक्षित समूहसम्म कार्यक्रम पुग्दैन ।

यस अभियानको मुख्य उद्देश्य महिलामाथि हुने हिंसाविरुद्ध व्यापक जनचेतना जगाउने र समस्याको पहिचान गरी समाधानका लागि राज्यलाई कानुनी आधार तय गर्न सहकार्य गर्नु रहेको छ । यस्तै लैंगिक हिंसाविरुद्ध पुरुषको सहकार्यलाई अभिवृद्धि गर्नु, लैंगिक समानता तथा सामाजिक न्यायका क्षेत्रमा काम गर्ने अधिकारकर्मीबीच ऐक्यबद्धता गर्नु, लैंगिक हिंसाका विविध आयाममा रणनीतिक छलफल गर्नु १६ दिने अभियानका उद्देश्य रहेका छन् ।

सन् १९९९ मा संयुक्त राष्ट्रसंघले अनुमोदन गरेपछि महिलामाथि हुने हिंसाविरुद्धको अभियान सुरु भएको हो । यद्यपि सन् १९८० को दशकदेखि नै विभिन्न मुलुकले महिलामाथि हुने हिंसाविरुद्धको दिवस मनाउँदै आएको पाइन्छ । नेपालमा भने सन् १९९७ देखि यो दिवस मनाउन थालिएको हो । २०७५ कात्तिक २९ गतेको मन्त्रिपरिषद् बैठकले हरेक वर्ष नोभम्बर २५ तारिखलाई महिला हिंसाविरुद्धको १६ दिने अभियान दिवसका रूपमा मनाउने घोषणा गरेको थियो ।

नेपालको संविधानले लैंगिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव तथा हिंसाजस्ता जघन्य अपराधलाई कानुनीरूपमा दण्डनीय बनाएको छ । २१औं शताब्दीमासमेत महिलालाई हेर्ने विभेदपूर्ण दृष्टिकोण, सामाजिक मूल्यमान्यता र यसबाट सिर्जित हानिकारक परम्परागत अभ्यासका कारण महिलाको नेतृत्व स्वीकार हुने वातावरण बन्न सकेको छैन ।

मुलुकमा विभिन्न परम्परागत मूल्यमान्यता एवं रुढीवादी परम्पराका कारण महिलामाथि हुने हिंसा रोकिएको छैन । महिलामाथि हुने हिंसाका घटना बारम्बार दोहोरिरहेका छन् । यसले कानुनीरूपमा मात्रै होइन व्यवहारमा नै लैंगिक हिंसा अन्त्य गर्न जरुरी रहेको प्रस्ट पार्दछ । माथि चर्चा गरिएजस्तै १६ दिने अभियानका जस्तोसुकै कार्यक्रम गरिए पनि लक्षित समूहसम्म नपुग्दा आलोचित बन्दै आएको बुझ्न सकिन्छ । त्यसैले यस्ता अभियानलाई औपचारिकतामा सीमित गर्नुको सट्टा प्रभावकारी बनाउनेतर्फ सरकार र सरोकारवाला सबै जिम्मेवार बन्न जरुरी छ ।

सामाजिक सञ्जालको नियमनः

# नेपाली समाज कस्तो बनाउने भन्ने बह



▶▶ नरेन्द्र केसी

हरेक देशका आ–आफ्नै अनुकूलताका कानुन हुन्छन् । हरेक देशले आफ्नो समाजको चरित्रअनुसार कानुन बनाएका हुन्छन् । नेपालको कानुन निर्माणको आधार पनि नेपाली समाजको स्वरूप र चरित्र नै हो । नेपाल समाज पूर्वीय दर्शनमा आधारित छ । यसले व्यक्तिको स्वतन्त्रतालाई स्वीकार त गर्छ तर पारिवारिक एकता र सामाजिक सद्भावभन्दा बाहिर गएर व्यक्तिको स्वतन्त्रता (अझ स्वच्छन्दता) लाई स्वीकार गर्दैन । पश्चिमा मुलुकहरूमा 'मभित्र हामी' खोजिन्छ भने पूर्वीय सभ्यतामा 'हामीभित्र म' खोजिन्छ ।

केही समयअघि सुनसरीको धरानमा गोरु काटेर सामूहिक भोज गरेको भिडियो टिकटकमा पोस्ट भएपछि सामाजिक सद्भाव खल्बलिने घटना भई निषेधाज्ञा लगाउनुपर्ने अवस्था आयो । केही हिन्दू धर्म गुरुले गाई काट्ने व्यक्तिहरूको हत्या गरेमा आफूले जिम्मा लिने विवादास्पद अभिव्यक्ति दिएको भिडियो भाइरल नै भयो । त्यस्ता व्यक्तिलाई प्रहरीले पक्राउ गरेर कागज गराई छाडेको थियो ।

टिकटकमा भिडियो बनाउने क्रममा दुर्घटनामा परी धेरैले ज्यान गुमाएका समाचारहरू पनि आएका छन् । २०७९ साल माघ महिनामा पोखरा महानगरपालिका-१४, मनकामना टोल बस्ने आठ वर्षीया बालिकाको घरको छतमा बसेर टिकटक बनाउने क्रममा अचानक लड्न गई मृत्यु भयो । त्यस्तै २०७९ साल पुस महिनामा टिकटकमा भिडियो बनाउने क्रममा बबई नदीको झोलुंगेपुलबाट खसेर गम्भीर घाइते भएका दाङ तुलसीपुर उपमहानगरपालिका-१९, बिजौरी निवासी एक २४ वर्षीय पुरुषको उपचारका क्रममा मृत्यु भयो ।

गत वैशाखमा धरानबाट ओखलढुंगा जाँदै गरेका धरान-५ का १८ वर्षीय एक युवकको उदयपुर कटारी नगरपालिका-११, हर्देनी भीरमा टिकटक बनाउने क्रममा लडेर मृत्यु भयो । गत जेठमा उदयपुरमा सलको पासो लगाई टिकटक भिडियो बनाउने क्रममा एक ११ वर्षीया बालिकाको झुण्डिएर मृत्यु भएको भयो । केही दिनअघिमात्रै तनहुँमा टिकटक भिडियो बनाउने क्रममा चिप्लिएर एक १९ वर्षीया युवती सेती नदीमा खसेकी थिइन् ।

नेपालगञ्जमा मुस्लिम समुदायको भावनामा ठेस पुग्ने सामग्रीसहितका भिडियो पोस्ट भएपछि सामाजिक सद्भाव खल्बलिन गई निषेधाज्ञासम्मको घटना हुन पुगेको थियो । गत वर्ष भाइरल हुने नाममा एक परीक्षार्थीले परीक्षा हलमा आफैंले चिट चोरिरहेको भिडियो टिकटकबाट सार्वजनिक गरेका थिए । नेपालमा सामाजिक सञ्जाल टिकटकको गलत प्रयोगका कारण भएका केही प्रतिनिधिमूलक घटना हुन् यी । यी घटनाबाट के बुझ्न सकिन्छ भने क्षणिक रमाइलोका नाममा टिकटकको प्रयोग यति विकृत बन्दै गइरहेको थियो कि हरेक घरपरिवार, समाज र देशकै लागि यो ठूलो चुनौतीका रूपमा सिर्जना भइरहेको थियो ।

सम्भवतः यही अवस्थालाई दृष्टिगत गरी गत कात्तिक २७ गते बसेको नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकले 'सामाजिक सञ्जालका रूपमा प्रयोग भइरहेको टिकटकका माध्यमबाट सामाजिक सद्भाव एवं सामाजिक वातावरणमा नकारात्मक असर परिरहेको निष्कर्षसहित नेपालमा टिकटकको प्रयोगमा तत्काल रोक लगाउने' निर्णय गऱ्यो । यो निर्णयपछि जनस्तरदेखि अदालतसम्म नेपालमा सामाजिक सञ्जाल प्रयोगको सवालमा बहस चलिरहेको छ । जनस्तरमा ठूलो पंक्तिले यो निर्णयको समर्थन गरेको छ भने केही र खासगरी 'डिजिटल राइट्स'को क्षेत्रमा काम गर्ने अधिकारकर्मीहरूले यसबाट प्रविधि प्रयोगमा संकुचन आउने भन्दै चिन्ता पनि व्यक्त गरिरहेका छन् ।

टिककटमाथिको प्रतिबन्ध एउटा घटना हो, यो घटनापछि सिर्जना भएको बहसलाई तार्किक निष्कर्षमा पुऱ्याउन सक्ने हो भने निश्चय नै नेपाललाई फाइदै हुने छ । तर यो बहसको केन्द्रमा भने हामीले नेपाली समाज कस्तो बनाउने ? भन्ने विषयलाई नै अघि बढाउनुपर्छ । सामाजिक सञ्जालको प्रयोगबाट नकारात्मक परिणाममात्रै आएका छैनन्, पहुँचविहीन समुदायको सशक्तीकरणदेखि धेरै क्षेत्रमा यसको राम्रो प्रभाव छ । राम्रो प्रभावलाई अझै बढाउँदै यसबाट सिर्जना हुन थालेका डरलाग्दा असरलाई न्यूनीकरण गर्नका लागि कुनै न कुनै बिन्दुमा आएर सार्थक बहस छेडिन जरुरी थियो । टिकटकको प्रतिबन्धपछि यो बहसले प्राथमिकता पाएको छ, जसलाई तार्किक निष्कर्षमा पुऱ्याउन जरुरी छ ।

सरकारले टिकटकमाथि प्रतिबन्ध लगाउँदा प्रस्टरूपमा 'सामाजिक सद्भाव एवं सामाजिक वातावरणमा नकारात्मक असर परिरहेको' तथ्यलाई उल्लेख गरेको छ भने नेपालमा टिकटकको प्रयोगमा 'तत्काल रोक लगाउने' भनेको छ । यसबाट सामाजिक सद्भावविरुद्धका कुनै पनि गतिविधिसँग सम्झौता गर्न सकिँदैन भन्ने सरकारको प्रस्ट मान्यता रहेको देखिन्छ । त्यसका लागि के गर्ने त ? त्यसका लागि अहिले चलिरहेका सामाजिक सञ्जालको नियमन गर्ने नै हो । नियमन भनेको नियमभित्र ल्याउने हो र कुनै प्लेटफर्मलाई त्यसरी नियमभित्र ल्याएर सञ्चालन गर्न सकिएन भने आंशिक वा पूर्णरूपमा बन्द लगाउन पनि सकिन्छ, यो संसारभरि अहिले चलिरहेका अभ्यास हो ।

सरकारले अन्य सामाजिक सञ्जाल प्लेटफर्मले कम्युनिटी गाइडलाइनविरुद्धका सामग्री हटाउने गरे पनि टिकटकले रियलटाइमका सामग्री हटाउन नसकेको बरु लाइभ भिडियोहरू रेकर्ड गरी अन्य सामाजिक सञ्जालमासमेत सेयर गर्ने बढेकाले टिकटकको नियमन सम्भव नभई प्रयोगमा नै रोक लगाउनुपरेको प्रस्टीकरण दिएको छ । त्यसो त टिकटकले अन्य सामाजिक सञ्जाल प्लेटमर्फमले आपसी समझदारीमा जारी गरेको सान्टाक्लारा सिद्धान्त अनुमोदन नगरेको पनि सरकारको भनाइ छ ।

सान्टाक्लारा सिद्धान्तअनुसार सामाजिक सञ्जाल प्लेटफर्म स्वयंले प्रयोगकर्ताको मानवअधिकार र कानुनसम्मत प्रक्रिया सुनिश्चित गर्ने, प्रयोगकर्ताले बुझ्न सक्ने नीति नियमहरू बनाउने, सबै राजनीतिक सामाजिक वा सांस्कृतिक परिस्थितिमा समानरूपले लागू हुन सक्ने, राज्यका नीतिनियम वा कानुनका कारण विषयवस्तु परिमार्जन हुन सक्ने र सत्यतथ्य जाँचेर गलत वा भ्रामक विषयवस्तु हटाउनेमा ध्यान दिनुपर्छ ।

हरेक देशका आ-आफ्नै अनुकूलताका कानुन हुन्छन् । हरेक देशले आफ्नो समाजको चरित्रअनुसार कानुन बनाएका हुन्छन् । नेपालको कानुन निर्माणको आधार पनि नेपाली समाजको स्वरूप र चरित्र नै हो । नेपाल समाज पूर्वीय दर्शनमा आधारित छ । यसले व्यक्तिको स्वतन्त्रतालाई स्वीकार त गर्छ तर पारिवारिक एकता र सामाजिक सद्भावभन्दा बाहिर गएर व्यक्तिको स्वतन्त्रता (अझ स्वच्छन्दता)लाई स्वीकार गर्दैन । पश्चिमा मुलुकहरूमा 'मभित्र हामी' खोजिन्छ भने पूर्वीय सभ्यतामा 'हामीभित्र म' खोजिन्छ । भन्नुको अर्थ पश्चिमाहरूले हर व्यक्तिको व्यक्तिगत स्वतन्त्रताबाट समाज स्वतन्त्र बन्दै जान्छ भन्ने दर्शनलाई महत्त्व दिन्छन् भने हामी पूर्वीय सभ्यतामा परिवार, समुदाय र समाजको सामूहिक अभ्यासबाट हरेक व्यक्तिको स्वतन्त्रता र समानताको अभ्यास गर्न सकिन्छ भन्ने मान्यतामा विश्वास गर्छौं ।

यो कोणबाट हेर्ने हो भने पछिल्लो समयमा नेपाली समाजभित्र असामाजिक क्रियाकलाप जसरी बढ्न खोजिरहेका छन्, यसको अभ्यास गर्ने माध्यम सामाजिक सञ्जाल बनिरहेका छन् । यसरी नै अघि बढ्ने हो भने परिवार परिवारजस्ता नहुने हुन् कि भन्ने चिन्ता बढ्दै छ । हाम्रा संविधान, ऐन, कानुनहरू धेरै पछिमात्रै बनेका हुन् । संवैधानिक इतिहास हेर्ने हो भने वि.सं. २००४ बाट मात्रै सुरु भएको देखिन्छ भने कानुनी अभ्यास वि.सं. १९१० देखि भएको देखिन्छ । त्योभन्दा अगाडि समाज कसरी चलेको थियो त ? जवाफ प्रस्ट छ- सामाजिक मूल्यमान्यताका आधारमा समाज चलेको थियो ।

अहिले पनि लेखिएका केही थान संविधान र कानुनलाई छाड्ने हो भने समाजको अधिकांश प्रक्रिया सामाजिक मूल्यमान्यताकै आधारमा चलेको छ । जन्मदेखि मरिसकेपछि गरिने रीतिरिवाज र चालचलन हाम्रा अलिखित कानुन हुन् । त्यसैले हाम्रो संविधान र कानुनमा लेखिएको छैन वा पश्चिमा जगतमा अभ्यास छैन भनेर मात्रै पनि हाम्रा खासखास सामाजिक मूल्य मान्यतामाथिको अतिक्रमणलाई सहनुपर्छ भन्ने हुँदैन । यहाँ टिकटक वा अन्य अमूक प्लेटफर्मको मात्रै सवाल होइन, हामीले नेपालमा सामाजिक सञ्जाल प्रयोगको अवस्था हेऱ्यौं भने किरियापुत्रीहरू नाचेको दृश्य देख्न सकिन्छ । कसैको घर जलिरहेको हुन्छ वा कोही सवारी दुर्घटनामा परेर चित्कार गरिरहेको हुन्छ तर हामीले ती घटनामा उद्धार गर्न छाडेर भिडियो बनाइरहेका हुन्छौं र क्षणभरमै भाइरल बनाइदिन्छौं ।

आफू फरक देखिने नाममा अंग प्रदर्शनदेखि जस्ता पनि क्रियाकलाप गर्ने जुन अवस्था सामाजिक सञ्जालमा देखिन थालेको छ, यो पक्कै पनि नेपाली समाजका लागि घातक र खतरनाक संकेत हो । यसको बेलैमा नियन्त्रण गर्नेतिर राज्यले मात्र होइन, हरेक व्यक्ति र समाजले सोच्नैपर्छ । सामाजिक सञ्जालका कारण बालबालिका तथा युवायुवतीलाई गलत दिशातिर डोऱ्याउँदै विषाक्त मनोविज्ञानको सिर्जना भइरहेको छ । सामाजिक सञ्जालको अत्यधिक प्रयोग गर्ने लतमा बालबालिका र युवायुवती परिवार, खेलकुद, सिकाइपढाइ जस्ता जीवनका महत्त्वपूर्ण पक्षमा बेवास्ता गर्ने क्रम बढिरहेको छ ।

अरूबेला कुरै छाडौं, चाडपर्वमा मात्रै हेर्ने हो भने पनि जसरी ठूलो उत्साहका लागि पारिवारिक मिलनको उद्देश्यले एक ठाउँमा जम्मा भइन्छ तर सबै सामाजिक सञ्जालमा व्यस्त हुँदा पारिवारिक सम्मिलन कुन चराको नामजस्तो हुन थालेको छ । अरुभन्दा राम्रो र फरक देखिन खर्चिलो संस्कारको विकास भएको छ । एउटा अध्ययनले के देखाएको छ भने टिकटक प्रयोगकर्तामध्ये करिब ४५ प्रतिशत १२ देखि २४ वर्ष उमेर समूहका मानिस गलत प्रभावमा सजिलै पर्न सक्ने तथा भ्रामक छविमा रमाउने र महत्त्वाकांक्षी हुनेलगायत भाइरल हुने आकांक्षाले गलत दिशातिर मोडिने अवस्था बनिरहेको छ । आपराधिक मानसिकताका व्यक्तिले टिकटक प्रयोगकर्ताको मनोविज्ञानको गलत फाइदा उठाई आपराधिक गतिविधिमा संलग्न गराउने गरेको देखिन्छ ।

सामाजिक सञ्जाल प्रयोगको लत बसेर महत्त्वपूर्ण समय यसको प्रयोगमा बिताउँदा उत्पादकत्व वृद्धिमासमेत असर पुग्ने गरेको पाइएको छ भने आत्महत्या, गाली बेइज्जती, दुर्घटना, पारिवारिक विखण्डनजस्ता समाजलाई नकारात्मक असर पुग्ने घटना बढिरहेका छन् । टिकटकमा अश्लील भिडियो सार्वजनिक तथा लाइभमा अनैतिक क्रियाकलापका लागि मोलमोलाइ, अश्लील गतिविधि, जुवातास खेलाउने, गैरकानुनी विज्ञापन प्रसारणलगायतका गतिविधि बढिरहेको अवस्था छ भने टिकटक लाइभ स्ट्रिमिङ गरी उपहार प्राप्त गर्न अनैतिक, अमर्यादित र असामाजिक गतिविधि बढ्दै गएको छ । यौन दुर्व्यवहारलगायत साइबर बुलिङका घटना पनि बढ्दै गएका छन् । यसले परिवार सदस्यका बीचमा भौतिक भेटघाट र सरसल्लाह नहुने, पारिवारिक तथा भावानात्मक एकतामा कमी हुँदै गएको हरेक घरपरिवारका सदस्यले महसुस गर्ने अवस्था बनेको छ ।

समग्रमा हाम्रो संस्कार, संस्कृति, प्रथा, प्रचलन, मूल्य, मान्यता तथा सामाजिक सद्भावविरुद्ध नकारात्मक प्रभावलाई बढावा हाम्रो पूर्वीय सभ्यतामाथि नै चुनौती थप्दै लैजाने कुरा सही हुन सक्दैन । फेरि प्रश्न उठ्न सक्छ- यो सबै काम टिकटकले मात्रै गरेको हो त ? सकारात्मकभन्दा नकारात्मक असर बढी देखिएको निष्कर्षमा पुगेर सरकारले टिकटकमाथि प्रतिबन्ध लगाएको स्पष्ट गरिसकेको छ, यसको अर्थ अन्य सामाजिक सञ्जालको प्रयोग सुरक्षित छ भन्ने होइन । त्यसो त टिकटकको प्रतिबन्धले एउटा सन्देश पक्कै गएको छ कि कुनै पनि सामाजिक सञ्जालको प्रयोगले पारिवारिक एकता र सामाजिक सद्भाव बिगारेको खण्डमा त्यो नेपालमा स्वीकार्य हुने छैन ।

त्यसैले अहिलेसम्मको अभ्यासबाट पाठ सिक्दै नेपालमा सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित बनाउन सरकारले कानुन निर्माणको प्रक्रियालाई पनि तीव्ररूपमा अघि बढाएको छ । यस क्रममा सामाजिक प्रयोगको व्यवस्थित गर्ने निर्देशिका २०८० जारी भई कार्यान्वयनको तयारीमा रहेको छ भने यससम्बन्धी ऐन मस्यौदाको प्रक्रिया अन्तिम चरणमा छ । निर्देशिकाले नियमनभन्दा स्वनियमन र सचेतनामा जोड दिएको छ । हरेक प्रयोगकर्ता र प्लेटफर्महरूले स्वनियमन गरेको खण्डमा राज्यले नियमन गर्नु पनि पर्दैन र कानुनको आवश्यकता नै पर्दैन । त्यसो त प्रविधिको विकास र आममानिसको चाहना बदलिँदै जाँदा त्यसलाई व्यवस्थित गर्ने कानुन त चाहिन्छ नै, त्योभन्दा पनि बढी सामाजिक मर्यादालाई केन्द्रमा राखेर गरिने सामाजिक व्यवहार नै हाम्रा समाज व्यवस्थापनका महत्त्वपूर्ण आधार हुन् । सरकारबाट गरिएका निर्णय, बनेका वा बन्ने कानुनहरूको उद्देश्य नेपाली मौलिकतासहितको पारिवारिक एकता र सामाजिक सद्भावसहितको समाज हो, त्यसका लागि हामी सबै प्रतिबद्ध बनौं । अहिले चलिरहेको सामाजिक सञ्जाल नियमनको बहसमा पनि सुन्दर, सभ्य र नेपालीपनसहितको समाजलाई केन्द्रमा राखौं । *रासस*

## मननयाग्य

### चाणक्य नीति

सुत्ने कोठामा शकटार विश्राम गरिरहथे । द्वारपालले 'कौटिल्य' आएको सूचना दियो । शकदार कौटिल्यको नामले झस्के । उनका बाबु चणक पनि यस्तै मध्यरातमा आई मन्त्रणा गर्दा चाणकलाई बन्दी बनाई मृत्यूदण्ड दिइएको थियो । नन्दले आफूलाई र परिवारलाई पनि कारागारमा थुनेको थियो । नन्दले पछि कुनै कुरामा खुसी भएर आफूसहित परिवारलाई बन्दी जीवनबाट छुटकारा दिएकाले अमात्य पद फिर्ता पाएका थिए । आफू झस्केको आभास द्वारपालाई नदिई आदरपूर्वक लिएर आऊ भनी अह्राए ।

शकटार विचारमग्न थिए । कुनै आएको पदचापदले विचार टुट्यो । द्वारपालले आएर भन्यो- "अतिथिलाई अतिथिकक्षमा विश्राम गराएको छु । तिमी आफ्नो काममा जाऊ, कसैलाई पनि भित्र आउन नदेऊ र कुनै यताउति घुमिरहेका छन् कि त्यो पनि हेर' राक्षसका गुप्तचरका व्यवस्थाबाट शकटार परिचित थिए ।

शकटारलाई चिन्तित देखी चाणक्यले भने-'अमात्य नहडबडाउनुहोस्, केही कुरा छैन । चाणक्यले यो सबै परीक्षा गरेर आएको छ, मेरा पछाडि कुनै गुप्तचर छैन । साथै गुप्तचरलाई कसरी छकाइन्छ भन्ने पनि चाणक्यले जानेको छ ।'

चाणक्यका कुराले अमात्य केही निश्चिन्त भए । अनि चाणक्यले भने-'तात ! मध्यरात्रिमा कष्ट दिएकोमा क्षमाप्रार्थी छु । तर, के गरौं भेट्न जरुरी थियो । त्यस दिनपछि भेष बदलेर अज्ञातबासमा बसेको छु । यस बीमा मैले धेरै सोचेँ र यो निष्कर्षमा पुगेँ ।

हामीले मगधको भावी राजा खोज्नुपर्छ । जो यस्तो व्यक्ति होस् वीर होस् । नन्दको अत्याचारबाट क्षुब्ध होस् र नन्दसँग प्रतिशोध लिने इच्छा भएको होस् '

शकटारले चाणक्यको यस्तो निर्णायक कुरा सुनी भने-'वत्स ! के तिमी जान्दछौं तिमी के गर्न लाग्दैछौ ? महामात्य राक्ष छँदाछँदै के यो सम्भव छ ?'

'चाणक्यले जस्तो पनि कदम उठाउँ हेरी-बुझी मात्र उठाउँछ । चाणक्यले आफ्नो मात्र विश्वास गर्छ । राक्षसको चिन्ता व्यर्थ छ । सबैलाई सम्मोहित पारेर आफ्नो काम आरम्भ गर्छ चाणक्य । यो यज्ञका लागि आफ्नो सम्पूर्ण ज्ञान र अनुभवको बलि दिन्छौं । क्रमशः

पत्र–मञ्जुषा

# एमालेको कदम आफ्नै लागि घातक

विवादास्पद मेडिकल व्यवसायी दुर्गा प्रसाईंले केही महिनाअघि एउटा कार्यक्रममा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको कम्बोडियाको टेलिकममा ३० अर्ब रूपैयाँ लगानी भएको बताएका थिए । सो अभिव्यक्तिपछि केन्द्रीय अनुसन्धान ब्युरोले बोलाएर सोधपुछ पनि गऱ्यो । यता, ओलीले प्रधानमन्त्री पुष्पकमल दाहालसमक्ष प्रसाईंलाई तत्काल पक्राउ गर्न आग्रह गरे ।

तर, प्रधानमन्त्री दाहालले प्रसाईंलाई समात्न निर्देशन दिएनन् । त्यसमै झोकमा आएर ओली र एमालेको पोलिटब्युरो सदस्य महेश बस्नेतले सडक आन्दोलनको घोषणा गरे । जुन दिन प्रसाईंले आन्दोलनको मिति घोषणा गरेका थिए, एमालेको भ्रातृ संगठन युवा संघले पनि सोही दिन अर्थात् मंसिर ७ गते आन्दोलन गर्ने घोषणा गऱ्यो । एमालेको आन्दोलनको एउटै उद्देश्य थियो, दुर्गा प्रसाईंको प्रतिरोध गर्ने ।

दुवै पक्षले एकैदिन आन्दोलन गर्ने भएपछि सरकारले समेत निषेधाज्ञा जारी गर्नुपऱ्यो । र, युवा संघलाई तीनकुने तथा प्रसाईं समूहलाई बल्खुमा कार्यक्रम गर्न तोकियो । सोहीअनुसार बिहीबार दुवैपक्षले कार्यक्रम सम्पन्न गरे । तीनकुनेको कार्यक्रम शान्तिपूर्ण बने पनि बल्खुमा केही झडपका घटना भए । उक्त बाटो हुँदै तीनकुने आउन लागेका युवा संघका कार्यकर्ता र बल्खुमा जम्मा भएका प्रसाईं समर्थकबीच झडपको स्थिति सिर्जना भएको थियो ।

कार्यक्रम सकेपछि पनि आन्दोलनकर्मीहरू सिंहदरबारतर्फ प्रस्थान गर्न लागेपछि प्रहरीले रोकेको थियो । सो क्रममा पनि प्रहरीसँग झडप भएको थियो । प्रहरीले पानीको फोहोरा र अश्रुग्यास प्रहार गरी भीडलाई तितरवित्तर बनाएको थियो ।

गणतन्त्र खारेज गरी राजतन्त्र पुनःस्थापनासँगै बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण मिनाहा गर्नुपर्ने मुख्य माग लिएर प्रसाईंले आन्दोलन गरेका हुन् । पहिलो मुद्दामा राजावादीहरूको समर्थन रहे पनि दोस्रो मुद्दालाई लिएर प्रसाईंको चर्को आलोचना भइरहेको छ । व्यवस्था परिवर्तन गर्ने घोषणा गरेका प्रसाईंविरुद्ध युवा संघले भने व्यवस्था जोगाउन भन्दै टक्कर दिएको थियो । युवा संघले प्रसाईंसँग यसरी भिड्नुको औचित्य नै थिएन । एमालेकै कारण प्रसाईं झन् चर्चामा आएका छन् । एमालेले प्रसाईंलाई चर्चामा ल्याएर 'आफ्नो खुट्टामा आफैं बञ्चरो' हानेको छ ।

अहिले एमालेका कार्यकर्ता नै यो आन्दोलनदेखि सन्तुष्ट छैनन् । ओली र बस्नेतकै कारण एमाले तहसनहस हुने अवस्थामा पुगेको आरोप उनीहरूले लगाइरहेका छन् । पछिल्लो समय एमाले यस्तै हर्कतका कारण बद्नाम बन्दै गएको छ । ओली र बस्नेतलाई जोसँग पनि जुहारी खेल्ने बानी बसिसकेको छ । जसको असर २०८४ सालको चुनावमा देखिने निश्चित छ ।

२०७४ सालमा पहिलो पार्टी भएको एमाले त्यसपछि एक तह तल झरेको छ । २०७९ सालमा एमाले दोस्रो पार्टी बनेको छ । ओली र बस्नेतको बोलीले नै एमालेलाई क्षति पुगेको एमाले कार्यकर्ताहरूको भनाइ छ । ओली र बस्नेतलाई पार्टीबाट ननिकालेमा पार्टी सिद्धिने उनीहरू बताउँछन् । अहिले एमाले सदनमा प्रमुख विपक्षी छ । तर, सदनमा एमालेका सांसदहरूले जनता र राष्ट्रका कुरा उठाएको पाइँदैन ।

ओलीले आफू प्रधानमन्त्री हुँदा दुई पटक संसद विघटन गरे । अदालतले दुवैपटक संसद् ब्युँताइदियो । नौ महिनासम्म एमालेले सदन अवरोध गऱ्यो । त्यतिबेलासम्म एउटा कानुन पारित हुन सकेन । तर, एमालेका सांसदले तलबभत्ता लिए, सरकारी गाडी चढे । यो गल्तीको माफी न ओलीले मागेका छन् न एमालेका सांसदले । ओलीलाई त अर्कामाथि 'बोलीको गाली' प्रहार गरेर भ्याइनभ्याइ छ, के माफी माग्थे ?

अहिले उही एमाले अझ महेश बस्नेतजस्ता नेताले व्यवस्था जोगाउने कुरा गर्नु हास्यास्पदबाहेक केही छैन । बेमौसमी बाजा बजाएर एमालेले आफैंलाई घाटा हुने काम गरेको छ । बिहीबारको आन्दोलन प्रसाईंले घोषणा गरेजस्तो भएन तर एक विवादित छवि भएका व्यक्तिले आह्वान गरेको आन्दोलनमा त्यति जनसहभागिता हुनुलाई कम आँक्नु हुन्न । गणतन्त्रवादीहरू यसमा सचेत होउन् ।

*–अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब य दनिकल हरक दिन पत्र–मञ्जषा तम्भ रू गरकाल पाठक वगहरूल आफूल चाहका विषय वत, रकारी निकायका काम कारबाही वा पत्रिकामा म्प्रषण भएका माचारका बारमा पत्र लख्न भएमा त्यलाइ जताका त्यत प्रकाशन हन जानकारी गराइन्छ ।**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online




**लैंगिक हिंसाविरुद्धको अभियान** | लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानको पहिलो दिन शनिबार नवलपरासी (बर्दघाट सुस्तापूर्व) को कावासोतीमा जिल्ला प्रहरी कार्यालयको समन्वयमा सचेतना पदयात्रा निकालिँदै ।

*तस्बिरः विष्णुप्रसाद गौडेल/रासस*

# खोटाङमा राष्ट्रिय परिचयपत्र दर्ता सुरु

**खोटाङ–** इलाका प्रशासन कार्यालय खोटाङले राष्ट्रिय परिचयपत्र दर्ता तथा वितरणको काम सुरु गरेको छ । जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने खोटेहाङ, जन्तेढुंगा र बराहपोखरी गाउँपालिकाका नागरिकलाई स्थानीयस्तरबाटै राष्ट्रिय परिचयपत्र दिलाउने लक्ष्यका साथ कार्यालयले खोटाङ बजारमा स्थायी दर्ता स्टेसन सञ्चालनमा ल्याइएको हो ।

जिल्लाको पुरानो सदरमुकामसमेत रहेको खोटाङ बजारमा राष्ट्रिय परिचयपत्र दर्ता तथा वितरणको काम सुरु भएपछि दिक्तेल धाउनुपर्ने समस्या समाधान भएको खोटेहाङ गाउँपालिकाका अध्यक्ष उदिमबहादुर राई 'मुक्ति'ले जानकारी दिए ।

'दक्षिणी क्षेत्रका स्थानीय बासिन्दाका लागि परिचयपत्र बनाउन दुई दिन लगाएर सदरमुकाम दिक्तेल पुग्नुपर्ने अवस्था थियो । ढिलै भए पनि त्यो समस्या समाधान भएको छ । शुक्रबारदेखि इलाका प्रशासन कार्यालयमै नयाँ दर्ता तथा पुरानालाई वितरण कार्य सुरु भएको छ,' उनले भने, 'अब फोटोसहितको मतदाता नामावली संकलन र इ-पासपोर्ट (राहदानी)को काम पनि सुरु गर्ने तयारीमा छौं । यी दुवै कामको विषयमा मन्त्रालयसँग कुरा भइसकेको छ । जिल्ला प्रशासन कार्यालयले पत्र लेख्नासाथ त्यो पनि सञ्चालनमा आउँछ ।'

स्थायी दर्ता स्टेसन सञ्चालनका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले एक जना तालिम प्राप्त कम्प्युटर प्राविधिक र इलाका प्रशासन कार्यालयले करारमा थप एक दर्ता सहायक नियुक्त गरेको अध्यक्ष मुक्तिले जानकारी दिए । कार्यालयमा सञ्चालन गरिएको उक्त दर्ता स्टेसनको प्रतिनिधिसभा सदस्य एवं पूर्वमन्त्री रामकुमार राईले औपचारिक रूपमा उद्घाटन गरेका थिए ।

गाउँपालिकाका अध्यक्ष मुक्ति, प्रमुख जिल्ला अधिकारी सन्तबहादुर सुनार, गाउँपालिकाका उपाध्यक्ष रूपेश राई, जन्तेढुंगा गाउँपालिकाका उपाध्यक्ष खेमबहादुर खड्का, बराहपोखरी गाउँपालिकाका उपाध्यक्ष भुवलराज राईलगायतको उपस्थितिमा दर्ता स्टेसन स्थापना गरिएको थियो । स्थापनाको पहिलो दिन नै १० जना स्थानीयले सेवा लिएका छन् ।

खोटाङ बजारमा फोटोसहितको मतदाता नामावली संकलन तथा इ-पासपोर्ट भर्ने र वितरण गर्ने वातावरण मिलाउन कार्यालय फर्किएलगत्तै सम्बन्धित मन्त्रालयमा अनुरोधपत्र लेख्ने प्रजिअ सुनारले जानकारी दिए । उनका अनुसार १० स्थानीय तह रहेको जिल्लामा अहिलेसम्म राष्ट्रिय परिचयपत्र र फोटोसहितको मतदाता नामावली संकलनको काम घुम्ती शिविरबाहेक सदरमुकाम दिक्तेलस्थित जिल्ला प्रशासन कार्यालयमा मात्रै हुँदै आएको छ ।

राष्ट्रिय परिचयपत्रलाई सरकारले अनिवार्य बनाएपछि यसअघि दूरदराजका स्थानीय बासिन्दा दुई दिनसम्म लगाएर परिचयपत्र बनाउनका लागि सदरमुकाम दिक्तेल धाउन बाध्य थिए ।

राष्ट्रिय परिचयपत्रमा व्यक्तिको नाम, थर, जन्म मिति, लिंग, आमाबुबाको नाम, ठेगाना, नागरिकताको किसिम, पति/पत्नीको नाम, बाजेको नामलगायतका व्यक्तिगत विवरणदेखि औंलाको छाप, आँखाको नानी, परिचयपत्र नम्बर, फोटो, राष्ट्रियता, हस्ताक्षरलगायत विवरण समावेश गरिन्छ । राष्ट्रिय परिचयपत्र नागरिकको वैयक्तिक तथा जैविक विवरण समावेश गरिएको राष्ट्रिय पहिचानसहितको वायोमेट्रिक सुविधायुक्त र बहुउपयोगी प्रमाणपत्र हो । *रासस*

# प्रतिस्थापन बजेट विधेयक सर्वसम्मत पारित

■ प्रभाव संवाददाता



विराटनगर- कोशी प्रदेशसभाले प्रतिस्थापन बजेट विधेयक सर्वसम्मत पारित गरेको छ । शनिबार बसेको प्रदेशसभा बैठकले 'कोशी प्रदेश आर्थिक अध्यादेश, २०८०' लाई प्रतिस्थापन गर्न बनेको 'कोशी प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८०' र 'कोशी प्रदेश विनियोजन अध्यादेश, २०८० ' लाई प्रतिस्थापन गर्न बनेको 'आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०' सर्वसम्मत पारित गरेको हो ।

उक्त प्रस्ताव मुख्यमन्त्री केदार कार्कीले प्रदेशसभा नियावली, २०७४ को (पहिलो संशोधनसमेत) नियम ९३ को उपनियम १ बमोजिम सदनमा पेस गरेका थिए । सो प्रस्तावलाई उपसभामुख सिर्जना दनुवारले निर्णयार्थ प्रस्तुत गर्दा सदनले सर्वसम्मतिले पारित गरेको हो ।

मुख्यमन्त्री कार्कीले प्रतिस्थापन विधेयकअनुसार चालु आवका लागि कूल ३६ अर्ब ७० करोड ८७ लाख २५ हजार रूपैयाँ बजेटमा पुँजीगत खर्च २० अर्ब ३८ करोड ५० लाख ८२ हजार रूपैयाँ र चालु खर्च १६ अर्ब ३१ करोड ३६ लाख ४३ हजार रूपैयाँ विनियोजन भएको छ । बजेटमा तीन करोड ४७ लाख ८५ हजार रूपैयाँ थप व्ययभार हुने उल्लेख छ ।

मुख्यमन्त्री कार्कीले प्रतिस्थापन विधेयकको औचित्य र उद्देश्यमाथि प्रकाश पार्दै जनताको आवश्यकता र समस्यालाई समाधान गर्नेगरी बजेट विनियोजन गरेको दाबी गरे । समानुपातिक र प्रत्यक्षतर्फ सांसदलाई मर्का नपर्नेगरी प्रदेशका ५६ वटै निर्वाचन क्षेत्रलाई समेटिनेगरी बजेट ल्याएको भन्दै उनले विकास र समुन्नत प्रदेशको यात्रा प्रारम्भ भएको दाबी गरे ।

मानव पुँजीलाई उच्च प्राथमिकतामा राखी गरिबी निवारण गर्नेतर्फ बजेट केन्द्रित भएको बताउँदै उनले राजस्वको आयव्ययमा सामान्य परिमार्जन गरेको जानकारी दिए । सरकारको नीति तथा कार्यक्रमअनुसार बजेट परिमार्जन गरी पूर्वतः मुख्यमन्त्रीले समावेश गरेका महत्त्वपूर्ण योजनामा कुनै फेरबदल नगरी २० लाख रूपैयाँभन्दा मुनिका योजना हटाई अरू योजनाका लागि स्रोतको सुनिश्चितता गरेको जानकारी दिए । बैठक आज आइतबार बिहान ११ बजे बस्ने छ ।

# बेथानचोकका विद्यार्थीले यन्त्रमानव बनाए

**धुलिखेल–** काभ्रेपलाञ्चोकको बेथानचोक गाउँपालिकाका विद्यार्थीले 'रोबोटिक' तालिम लिएर विभिन्न किसिमका विद्युतीय सामग्री बनाएका छन् । इञ्जिनियरिङ संकायका मेधावी विद्यार्थीबाट कक्षा ९, १० ११ र १२ का विद्यार्थीले तालिम लिएपछि उनीहरूले यन्त्रमानव (रोबट) बनाएर शुक्रबार गाउँपालिकाको प्रांगणमा प्रदर्शन गरेका हुन् ।

विद्यार्थीले बनाएका विद्युतीय खेलौना, स्मार्ट कार, फोहर फाल्ने भाँडो र विद्युतीय बल्बलाई 'एप' निर्माण गरी त्यसलाई विद्युत्को माध्यमबाट अनुकूलतामा चलाएर प्रदर्शन गरेका हुन् । बेथानचोक गाउँपालिकास्थित सरस्वती माध्यमिक विद्यालयका विद्यार्थी सन्दीप तामाङले तीन दिनसम्म तालिम लिएर स्मार्ट कार बनाएर आफू अनुकूलतामा चालाउन सक्ने बनेको बताए । ' बनेका स्मार्ट कारलाई विद्युतीय माध्यमबाट चलाउने र त्यसलाई नियन्त्रण गर्नसक्ने सीप सिक्न सफल भएँ,' उनले भने ।

भीमसेनेश्वर माध्यमिक विद्यालयका अर्का विद्यार्थी रोज खत्रीले तालिमबाट नयाँ ज्ञान लिन पाएकोमा खुसी लागेको बताए । कालिका माध्यमिक विद्यालयका रोजन तामाङले बनाउन सिकेको सामग्रीलाई प्रयोगमा ल्याएर सुविधा उपभोग गर्न प्रेरित गरेको बताए । अर्का विद्यार्थी अर्पणा तामाङले तालिमबाट घरको छतमा राखिएको पानी ट्यांकीमा पानी सकिएको र त्यो भरिएको जनाउ दिने 'साइरन' जडानको सीप सिकेको बताए ।

गुजारतमा इलेक्ट्रिकल इञ्जिनियरिङ अध्ययनरत तालिमका प्रशिक्षक प्रशान्तकुमार चौधरीले विद्यार्थीलाई ब्ल्युटुथ कन्ट्रोल कार, ब्याट्रीबाट चलाउन मिल्ने गाडी, स्मार्ट डस्टविन र स्मार्टहोम अटोमेसिन बनाउने विधि र प्रविधिको बारेमा ज्ञान दिएको बताए । विद्यार्थीलाई उनीहरूको तहगत कक्षाअनुसार प्रविधिको बारेमा ज्ञान दिएको बताए ।

बेथानचोक पालिकाका अध्यक्ष भगवान् अधिकारी हरेक विद्यार्थीलाई फुर्सद हुँदा चिया चौतारीमा गफ गरेर समय बिताउने नभई प्रविधिको क्षेत्रमा पनि बालबालिकालाई उत्प्रेरित गर्ने उद्देश्यले प्रशिक्षणको व्यवस्था गरिएको बताउँछन् । तालिममा आधारभूत र माध्यमिक तहका विज्ञान शिक्षक/शिक्षिका र कक्षा ८ देखि १२ सम्मका ४० जना विद्यार्थीलाई तालिममा सहभागी गराइएको थियो । *रासस*

# 'रेडपाण्डा'को गतिविधि बुझ्दै विद्यार्थी



**फुङ्लिङ (ताप्लेजुङ)–** जैविक विविधतामा ताप्लेजुङ एक दुर्लभ मानिने हाब्रे (रेड पाण्डा)को चरन क्षेत्र हो । ताप्लेजुङका ग्रामीण क्षेत्रमा रेड पाण्डा बासस्थान रहेको छ । यस क्षेत्रमा रेडपाण्डा नेटवर्कको आर्थिक सहयोग तथा हिमाली संरक्षण मञ्चको समन्वयमा रेडपाण्डा संरक्षणका विभिन्न कार्यक्रम गर्दै आएका छन् ।

रेडपाण्डा संरक्षणका लागि विद्यालयस्तरबाट नै जनचेतनको विकास गर्ने उद्देश्यले विद्यालयमा रेडपाण्डाका गतिविधिका बारेका पढाइ हुँदै आएको हिमाली संरक्षण मञ्चले जनाएको छ । रेडपाण्डाको बास स्थान जोडिएका बस्तीका विद्यालयमा यसको संरक्षणका लागि पढाइ भइरहेको हो ।

विद्यार्थीलाई पढाइसँगै रेडपाण्डाको चरन क्षेत्र तथा बास स्थानको प्रत्यक्ष अध्ययन गर्नुका साथै अवलोकन गर्दै आएका छन् । गत बिहीबार फुङ्लिङ नगपालिका-१० अवस्थित माध्यमिक विद्यालयका ३२ र शुक्रबार फक्ताङलुङ गाउँपालिका-३ सिंवा माध्यमिक विद्यालयका २४ विद्यार्थीले रेडपाण्डाका गतिविधिका बारेमा अध्ययन गर्नुका साथै बासस्थानको प्रत्यक्ष अवलोकन गरेका छन् ।

रेडपाण्डा आधारित आउटडोर शिक्षा कार्यक्रममार्फत विद्यार्थीलाई रेडपाण्डाको बासस्थानको अध्ययन तथा अवलोकन गइएको हिमाली संरक्षण मञ्चले जनाएको छ । विद्यार्थीले फुङ्लिङ नगरपालिका-९ देउरालीमा अवस्थित हिमालय हाब्रे सेन्टरको अध्ययन तथा अवलोकनसमेत गरेका छन् । हाब्रे सेन्टरको बनावट, आगामी योजनाका बारेमा मञ्चका कार्यक्रम संयोजक रमेश राईले जानकारी दिएका थिए ।

ताप्लेजुङको सदरमुकामदेखि नजिकै रहेको देउराली भित्री सामुदायिक वन क्षेत्रमा विद्यार्थीले रेडपाण्डाको अध्ययन तथा अवलोकन गरेका मञ्चका प्राविधिक सुमन राईले बताए । उनका अनुसार देउराली भित्री सामुदायिक वन विशेष गरी रेडपाण्डाको बासस्थान क्षेत्रमा पर्दछ ।

अवलोकनका क्रममा विद्यार्थीले क्यामेरामार्फत निगरानी गर्न, वनमा रहेका रुखको मापन गर्न, जिबिएस (ग्लोबल पोजिसन सिस्टम)मार्फत स्थान पत्ता लगाउनेलगायत प्रक्रियाका बारेमा जानकारी गराइएको रेडपाण्डा नेटवर्कका संयोजक वाङ्चु भोटियाले बताए ।

कक्षाकोठमा मात्र बसेर किताबमा लेखिएका जैविक विविधताका विषयमा पढ्दै आएका विद्यार्थी प्रत्यक्ष रेडपाण्डाका चरन क्षेत्र तथा बास स्थानमा पुगेर गतिविधिका बारेमा अवलोकन गर्न पाउँदा सिकाइमा थप मद्दत पुगेको माध्यमिक विद्यालयकी शिक्षिका टीका निरौलाले बताइन् । *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FRESH FLAVOR RESTAURANT TO SERVE MEALS

पूर्व स्वीकृति मितिः २०८०/०८/०५ | LT. No. 295194 | चलानी नं. ६०२१०४९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1200 | ४२,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SALON LOUVRE FOR SHAVING

पूर्व स्वीकृति मितिः २०८०/०८/०८ | LT. No. 295472 | चलानी नं. ६०२१०४९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Offices and Facilities Cleaner | 1 | 0 | 1000 | ३५,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LEAF JUICE EST. TO PROVIDE DRINKS

पूर्व स्वीकृति मितिः २०८०/०८/०५ | LT. No. 295193 | चलानी नं. ६०२१०४९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Worker | 1 | 0 | 1000 | ३५,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर १८ गते (4th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२०८/०७३/०७४

Overseas Employment (P.) Ltd.

Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069

E-mail: overseas4employment@gmail.com

# प्रभाव दैनिक

आइतबार, १० मंसिर २०८० (Sunday, November 26, 2023)


रूपशाला

## सलमानको 'द बुल' जोहरको ब्यानरमा

सलमान खानको आगामी फिल्म 'द बुल' करण जोहरको प्रोडक्सन हाउसको ब्यानरमा बन्ने भएको छ । यस फिल्मलाई निर्देशक विष्णु वर्धनले निर्देशन गर्नेछन् । यो दोस्रो पटक हो जब सलमान र करण सँगै काम गर्दैछन्। यसअघि सलमान आफ्नो फिल्म 'कुछ कुछ होता है' मा देखिएका थिए । यद्यपि यो फिल्ममा उनको स्क्रिन टाइम कम थियो । आगामी प्रोजेक्टमा किक २ र दबंग ४ को नाम पनि समावेश गरिएको छ । निर्देशक सुरज बडजात्याको पारिवारिक मनोरञ्जनात्मक फिल्ममा पनि सलमान देखिनेछन् ।



# स्वर्णिम साँझमा गुञ्जिइन् तीर्थकुमारी




■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीमा 'तीर्थकुमारी स्वर्णिम साँझ-२०८०' सम्पन्न भएको छ । काठमाडौंको जमलस्थित राष्ट्रिय नाचघरमा एक हजारभन्दा बढी गीतमा स्वर दिएकी लोकगायिका तीर्थकुमारी थापा एकल साँझमा प्रस्तुत भएकी थिइन् । 'तीर्थकुमारी स्वर्णिम साँझ-२०८०' नाम दिइएको उक्त कार्यक्रममा उनले आफ्ना लोकप्रिय १९ गीत गाइन् ।

एकल र युगल गायनमा प्रस्तुत हुनुभएकी गायिका थापाले आफ्नो एकल साँझमा गाउने सपना पूरा भएको भन्दै सहभागीलाई धन्यवाद दिइन् । 'मेरो गीतहरू पुनः गाउने अवसर पाएँ । मेरो यो इच्छालाई पूरा गर्न सहयोगी भूमिका खेल्नु हुने सम्पूर्णप्रति आभारी छु', उनले भनिन्, 'केही दिन अभ्यास गरेर गीत गाएँ । यो खुसीलाई शब्दमा व्यक्त गर्न सकिरहेकी छैन ।'

विसं २०२८ मा रेडियो नेपालमा गीत रेकर्डिङ गरेर गायन यात्राको सुरुआत गरेकी ७३ वर्षीया गायिका थापालाई युगल गायनमा उनका छोरा सुरज थापा, ध्रुवराज खड्कालगायतले साथ दिए । 'देश तथा विदेशमा मैले धेरै साङ्गीतिक कार्यक्रम गरेकी छु । विविध कारणले एकल साँझमा प्रस्तुत भएकी थिइन् । यो उपस्थितिले गायनलाई निरन्तरता दिन हौसला थपेको छ', उनले भनिन् ।

गायिका थापाका छोरा सुरजले आमाको इच्छालाई पूरा गर्न पाउँदा आफ्नो जीवन सफल भएको आभास गरेको बताए । उनी गायक तथा सङ्गीतकार पनि हुन् । 'मैले एकल साँझ गर्ने उद्देश्यले केहीसँग छलफल गरेँ । उहाँहरूले पुराना गीतसङ्गीत र स्रष्टालाई प्रवर्द्धन गर्न हामी तत्पर छौँ भनेपछि यसको सुरुआत भयो', उनले भने, 'आमाले देख्नुभएको सपना पूरा गर्ने मेरो सपना आज पूरा भएको छ । यसलाई पूरा गर्न पाउँदाको खुसी शब्दमा व्यक्त गर्न सक्दिन ।'

अन्नपूर्ण चेम्बर अर्केष्ट्राको आयोजना तथा काठमाडौं प्रज्ञा कुन्ज स्कुल र तुलसी भवन कन्स्ट्रक्सनको सहआयोजनामा सम्पन्न कार्यक्रममा गायिका थापाले 'डाँडामा माथि बिहानै...' गीतबाट साँझको सुरु गरेर आफ्ना लोकप्रिय गीतहरू 'म त खाँदिन कुवाको पानी हो...', 'ढुङ्गे बगर माया...','झम्के फूली नाकैमा बुलाकी...','उकालीमा पनि हजुर...','बारीको डिलमा ओखरबोट...','माछी मार न हे दाइ हो...' लगायत गीत नेपाली र नेपाल भाषाकमा गएकी थिइन् । उपस्थित दर्शकको अनुरोधपश्चात् उनले 'माछी मार न हे दाइ हो...' दुईपटक गाइन् ।

कार्यक्रममा वरिष्ठ सङ्गीतकार रञ्जित गजमेर, गायिका ज्ञानु राणा, गीतकार दिनेश अधिकारी, गायकद्वय सत्यराज आचार्य र स्वरूपराज आचार्यलगायत गीतसङ्गीतसँग जोडिएका व्यक्तित्वको उपस्थिति थियो ।

# काभ्रेमा नौ प्रतिभालाई सम्मान

**काभ्रेपलाञ्चोक (प्रस)** – काभ्रेपलाञ्चोककमा नौ प्रतिभालाई सम्मान गरिएको छ । बनेपास्थित शब्दयात्रा प्रकाशनले चार जनालाई विद्वतवृत्ति, तीन जनालाई कदरपत्र र दुई जनालाई छात्रवृत्तिले सम्मान गरेको हो ।

शब्दयात्रा-सुभास खड्का अनुसन्धान विद्वतवृत्ति सम्मान कवि कालिका त्रिपाठी पन्त, शब्दयात्रा-राधा विष्ट प्रह्लाद केसी काभ्रेपलाञ्चोक अनुसन्धान विद्वतवृत्ति सम्मान उद्धवप्रसाद नेपाल, शब्दयात्रा-प्रा केदारनाथ-लीला श्रेष्ठ भोजपुर अनुसन्धान विद्वतवृत्ति अमृका ताम्राकार र शब्दयात्रा सावित्री जङ्गम थापा अनुसन्धान विद्वतवृत्ति पाउनेमा समीर आचार्य छन् ।

उनीहरूलाई विश्वहिन्दू महासङ्घ नेपाल राष्ट्रिय समितिका केन्द्रीय अध्यक्ष डा रामचन्द्र अधिकारीको प्रमुख आतिथ्य र विश्वकीर्तिमानी महिला डा सरिशा श्रेष्ठले सम्मान एवं छात्रवृत्ति प्रदान गरेका हुन् । यस्तै शब्दयात्रा-हरिगोपाल प्रधान कदरपत्रबाट सञ्चारकर्मीत्रय शंकर अधिकारी, सुनिता सापकोटा र भुवन भोछिभोया सम्मानित भए । साथै विपासना शाक्य र अनुग्रह प्रजापतिलाई शब्दयात्रा-द्रोणपुष्प पत्रकारिता छात्रवृत्ति र शब्दयात्रा भूप-मुक्ति विकलाङ्ग छात्रवृत्ति प्रदान गरिएको शब्दयात्राको संस्थापक अध्यक्ष हरि मञ्जुश्रीले जानकारी दिए ।

यसैबीच साहित्यकार एवं संस्कृतिकर्मी सूर्यप्रसाद लाकोजुद्वारा लिखित पनौतीका केही जात्रापर्व-दोस्रो संस्करण लोकार्पण गरिएको छ । पुस्तकमा पनौती नगरपालिकाभित्र प्रचलनमा रहेका र लोप भइसकेका विभिन्न जात्रापर्वका बारेमा उल्लेख गरिएको छ । पुस्तकलाई पनौतीको परिचय र ऐतिहासिक पृष्ठभूमि, पनौतीका केही जात्राहरू, पनौतीका केही उल्लेखनीय पर्वहरू, पनौतीका प्रचलित केही उल्लेखनीय नाचहरू र हाल प्रचलनमा नरहेका केही जात्रापर्व गरी पाँच खण्डमा विभाजन गरिएको छ ।

पुस्तकमा धेरै विषय समेट्ने प्रयास गरिएको उल्लेख गर्दै लेखक लाकोजुले समावेश गर्न नसकिएका जात्रा पर्व क्रमशः तेस्रो संस्करणमार्फत प्रकाशनमा ल्याइने बताए । स्थानीय जात्रापर्वलाई अक्षरबद्ध गर्नसके भाविपुस्ताका लागिसमेत उपयोगी हुने विश्वासका साथ पुस्तक तयार पारिएको उनको भनाइ छ ।

# 'महिला चलचित्रकर्मीको विकासमा राज्यले सहयोग गर्छ'



**काठमाडौं (प्रस)–** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले महिला चलचित्रकर्मीहरूको विकासका लागि राज्यले सहयोग गर्ने प्रतिवद्धता जनाएकी छन् । शनिवार काठमाडौंमा आइवार्ट नेपाल इन्टरनेशनल वुमेन्स फिल्म फेस्टिबल, २०२३ लाई सम्बोधन गर्दै मन्त्री शर्माले यस्तो बताएकी हुन् ।

उनले सरकारले महिला चलचित्रकर्मीहरूलाई कसरी प्रवर्द्धन गर्ने भन्नेबारेमा विभिन्न हिसावले सोचिरहेको बताइन् । उनले संविधानले महिलाको समावेशिताको विषय उठाएको र सबै क्षेत्रमा महिलाले विकास गर्दै गइरहेको पक्ष आफैँमा राम्रो भएको बताइन् । उनले भनिन्– 'सरकारले महिला चलचित्रकर्मीहरूलाई कहाँ सहयोग गर्नसक्छ, त्यो गर्नेछ ।'

उनले त्यो क्षेत्रको नेतृत्व गर्ने ढंगले जसरी विकास भइरहेको छ, यो आफैँमा हाम्रो व्यवस्थाको सुन्दर पक्ष रहेको बताइन् । उनले भनिन्– 'यस क्षेत्रमा महिला चलचित्र कर्मीले जसरी प्रयत्न गरिरहनुभएको छ, त्यो उद्देश्यसँग पुग्न नेपाल सरकारसँग चलचित्र विकास बोर्ड छ । यसमा राज्यले सहयोग गर्छ ।' मन्त्री शर्माले राज्यले महिला चलचित्रकर्मीहरूलाई आवश्यक सहयोग गर्ने बताइन् ।

# थाहा फिल्म फेस्टिबल सुरु

**हेटौंडा (प्रस)–** उत्तरी मकवानपुरको थाहा नगरपालिकालाई मिनी फिल्म सिटी बनाउने उदेश्यको साथ शनिबारबाट थाहा नगरपालिकामा पहिलो 'थाहा फिल्म फेस्टिभल' सुरु भएको छ ।

थाहा नगरपालिकाको इन्दायणी चौर क्षेत्रमा रहेको जेसिज हलमा सुरु भएको फिल्म फेस्टिभलको उद्घाटन गर्दै बागमती प्रदेशका उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्री रामकृष्ण चित्रकारले फेस्टिभलले थाहाको पर्यटन प्रर्वद्धनको साथै मिनी फिल्म सिटी निर्माणको उदेश्य पुरा हुने बताए । काठमाडौंमा सिमाना रहेको थाहा नगरपालिका प्राकृतिक तथा सांस्कृतिकरूपमा धनी भएको भन्दै मन्त्री चित्रकारले सरकारले फिल्म उद्योगलाई ब्यवस्थित बनाउँदै फिल्म सिटीको अवधारणा अनुसार काम गर्नुपर्नेमा जोड दिए ।

उनले भने ' हामीले भारतको फिल्म उद्योग भन्नेवित्तिकै मुम्बईलाई सम्झन्छौं, त्यहा ठूला फिल्मसिटीहरू निर्माण भएका छन्, हामीले नेपाली चलत्रिको विकासको लागि नेपालमा पनि यस्ताखाले फिल्म सिटिको अवधारणालाई अघि सार्नुपर्छ, त्यसको लागि थाहा नगरपालिका उपयुक्त स्थल हो ।'

## रंगशाला

# अन्तर्राष्ट्रिय माउन्टेन बाइक रेसको उपाधि इन्डोनेसियाका रामालाई

■ प्रभाव संवाददाता

**पोखरा–** पोखरामा सम्पन्न प्रथम अन्तर्राष्ट्रिय माउन्टेन बाइक रेसको उपाधि इन्डोनेसियाका रामा तेगु अदि प्रतामाले जितेका छन् । ५ स्टेज (ट्र्याक)को ११.९२० किमीको दुरी ९ मिनेट ५९ सेकेन्ड ५२ मिलिसेकेण्डमा पार गर्दै उनले एन्ड्युरोको उपाधि जितेका हुन् । उपाधि विजेता रामाले ५० हजार नगद पुरस्कार पाए ।

सोही विधामा युकेका क्रिस्टोफर किलिङ दोस्रो र नेपालका प्रचित थापा मगर तेस्रो भए । किलिङले ३० हजार र प्रचितले २० हजार पुरस्कार पाए । महिला तर्फ नेपालकी लक्ष्मी मगर पहिलो भइन् । नेपालकै मिङ्गमा याङ्जी शेर्पा दोस्रो र सिंगापुरकी इभोना सिया तेस्रो भइन् । पहिलो हुनेले ३५ हजार, दोस्रोले २५ हजार र तेस्रोले १५ हजार पुरस्कार पाए ।

अर्को विधा १८ वर्षसम्मका पुरुष जुनियर तर्फ नेपालका विपुल थापा प्रथम हुन सफल भए । उनलाई पछ्याउँदै अमेरिकाका एलिजा स्टेवार्ड दोस्रो र नेपालका दीपेश थापा तेस्रो भए । उनीहरूले प्रमाणपत्र, मेडलका साथमा गिफ्ट ह्याम्पर प्राप्त गरे । ३० देखि ३९ वर्ष समूहका लागि मास्टर्स 'क' विधामा राजन भण्डारी प्रथम, मंगल लामा दोस्रो र कुंगा वोसेर तेस्रो बने । ४० देखि ४९ वर्षसम्मका लागि मास्टर्स 'ख' विधामा सुरज पाण्डे पहिलो, रवि कार्की दोस्रो र नारायण मानन्धर तेस्रो भए । ५० वर्षभन्दा माथिका समूहका लागि भेट्रान विधा तर्फ लाल आले, सुलोचन राजभण्डारी र सैशव प्रधान क्रमशः प्रथम, दोस्रो र तेस्रो भए ।



नेपालमै पहिलो पटक आयोजना भएको 'ई-बाइक' विधामा प्रशन्न गौतम प्रथम हुन सफल भए भने विश्वास मोदी दोस्रो भए । माउन्टेन बाइक कम्पनी डन टिल डस्कको आयोजनामा पोखरा १३ को आर्वामा प्रतियोगिता भएको हो । बिहीबार र शुक्रवार अभ्यास भएको थियो । प्रतियोगितामा नेपाल सहित ११ देशका ५६ खेलाडी सहभागी भएका रेस डाइरेक्टर सुनिलचन्द्र शर्माले जानकारी दिए ।

## ९औं नेपालगञ्ज म्याराथन

# गोपी र सन्तोषी च्याम्पियन

■ प्रभाव संवाददाता

**बाँके–** नेपाल एपीएफ क्लबका गोपीचन्द्र पार्कीले नवौ धारा नेपालगञ्ज म्याराथनको उपाधि जितेका छन् । पार्कीले दोस्रो पटक नेपालगञ्ज म्याराथनको उपाधि जितेका हुन् । उनले यसअघि छैटौं संस्करण जितेका थिए ।

पार्कीले नेपालगञ्ज म्याराथन २ घण्टा २१ मिनेट ३८ सेकेन्डमा पूरा गरेका छन् । उनले डिफेन्डिङ च्याम्पियन नेपाली सेनाका खडकबहादुर खड्कालाई पछि पारेका छन् । गतवर्ष २ घण्टा २० मिनेट २८ सेकेन्डमा दुरी पार गरेर उपाधि जितेका खड्काले यसपालि २ घण्टा २२ मिनेट एक सेकेन्डमा दुरी पार गरेर दोस्रो भएका छन् ।

सातौं संस्करणका च्याम्पियन एपीएफका किरणसिंह बोगटी तेस्रो भएका छन् । उनले २ घण्टा २५ मिनेट ४३ सेकेन्डमा दुरी पार गरेका थिए । सन्तोषविक्रम विष्ट चौथो, मोहनदेव जोशी पाँचौं, प्रेमबहादुर बस्नेत छैठौ, शेरबहादुर बुढा सातौं र अजय विके आठौं भएका छन् ।

म्याराथनको उपाधि जितेका पार्कीले दुई लाख, दोस्रो भएका खड्काले एक लाख, तेस्रो भएका बोगटीले ५० हजार पाएका छन् । चौथो भएका विष्टले २५ हजार, पाँचौं भएका जोशीले १५ हजार, छैटौं भएका बस्नेतले १० हजार, सातौं भएका बुढा र आठौं भएका विकेले ५/५ हजार पुरस्कार पाएका छन् ।

हाफ म्याराथन (महिला) मा धादिङकी सन्तोषी श्रेष्ठले ह्याट्रिक गरेकी छन् । लगातार तेस्रो पटक उपाधि जित्दै श्रेष्ठले ७५ हजार रूपैयाँ पुरस्कार पाएकी छन् । श्रेष्ठले एक घण्टा २० मिनेट ५१ सेकेन्डमा दुरी पार गरेकी छन् । आठौंमा उनले एक घण्टा १६ मिनेट ४८ सेकेन्डमा दुरी पार गरेकी थिइन् । हाफ म्याराथनमा फूलमति राना दोस्रो भएकी छन् । उनले एक घण्टा २१ मिनेट एक सेकेन्डमा दुरी पार गरिन् । दोस्रो भएकी रानाले ५० हजार पुरस्कार पाइन् । छैटौं संस्करणमा उपाधि जितेकी पुष्पा भण्डारी तेस्रो भएकी छन् । एक घण्टा २३ मिनेट ३६ सेकेन्डमा दुरी पारेकी उनले २५ हजार पुरस्कार पाएकी छन् । चौथो भएकी विन्द्राधान्के श्रेष्ठले १५ हजार, पाँचौं भएकी राज्यलक्ष्मी रावलले १० हजार, छैठौ भएकी गणना भण्डारीले ५ हजार पुरस्कार पाएकी छन् ।




१० किलोमिटर दौडमा पुरुषतर्फ दुर्गाबहादुर बुढा, नरेन्द्रसिंह रावल र धर्म महर्जन क्रमशः प्रथम, दोस्रो र तेस्रो भएका छन् । १० किलोमिटर महिलातर्फ राममाया बुढा प्रथम, आशा रावत दोस्रो र मनसरा बुढा तेस्रो भएकी छन् । १० किलोमिटर दौडको महिला र पुरुष दुवैका विजेताले ३० हजार, १५ हजार र १० हजार रूपैयाँ पुरस्कार पाएका छन् ।

स्कूलस्तरीय ५ किलोमिटर दौडमा छात्रतर्फ दीपेन्द्र बोहरा प्रथम, अजय पाण्डे दोस्रो र सरोज सिंह तेस्रो भएका छन् । छात्रातर्फ कल्पना बुढा प्रथम, विमला कार्की दोस्रो र मोतिकला डाँगी तेस्रो भएकी छन् । उनीहरूले ५ हजार, तीन हजार र दुई हजार पुरस्कार पाएका छन् ।

५ किलोमिटर ह्वीलचियरमा पुरुषतर्फ यज्ञबहादुर खत्री प्रथम, रोहितकुमार तमोली दोस्रो र शमशेर अलि बेहना तेस्रो भएका छन् । उनीहरूले ५ हजार, तीन हजार र दुई हजार पुरस्कार पाएका छन् । ५ किलोमिटर ह्वीलचियरको महिलातर्फ देउकुमारी थारु प्रथम र श्यामकलि थारु दोस्रो भएका छन् । उनीहरूले पाँच हजार र तीन हजार पुरस्कार पाएका छन् ।

किड्स रनमा छात्रतर्फ अभिशेष खड्का प्रथम, आयुश रावल दोस्रो र प्रवीण राना तेस्रो, छात्रातर्फ कृति परियार प्रथम र हिमानी बटाला दोस्रो भएका छन् । ५ किलोमिटर कर्पोरेट रनमा योगेश मल्ल प्रथम भएका छन् ।

म्याराथनका विजेताहरूलाई नेपालगञ्ज उपमहानगरपालिकाका मेयर प्रशान्त विष्ट, कोहलपुर नगरपालिकाका मेयर पूर्ण आचार्य, लुम्बिनी प्रदेश खेलकुद परिषदका सदस्य सचिव जयप्रकाश भट्टराई, नेपालगञ्ज म्याराथनका संस्थापकका अध्यक्ष टीएस ठकुरी, केएल दुग्गडका सिइयो प्रदीप छाजेड, डाइरेक्टर सौरभ दुगडलगायतले पुरस्कार वितरण गरेका थिए ।

एशोसियसन अफ इन्टरनेशनल म्याराथन एण्ड डिस्टेन्स रेश (एम्स) बाट मान्यता पाएको नेपालगञ्ज म्याराथन नेपाल सरकार र तत्कालीन सशस्त्र माओवादीका बिचमा मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौताको स्मरणमा गर्ने गरिन्छ । यो वर्षको म्याराथन विजेताले लण्डन म्याराथनमा अवसर पाउने आयोजकले बताएका छन् ।

## नेपाल सुपर लिग फुटबल

# ललितपुर सिटीको शानदार सुरुआत

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल सुपर लिग एनएसएलको दोस्रो सिजनमा ललितपुर सिटी एफसीले सुखद सुरुवात गरेको छ ।

शनिबार बुटवल लुम्बिनी फुटबल क्लबलाई २-० गोल अन्तरले हराउँदै ललितपुरले प्रतियोगितामा शानदार जित निकालेको हो । ललितपुरको जितमा दिनेश हेम्जन र अनन्त तामाङले विजयी गोल गरे ।

खेलमा अग्रता ललितपुरले २६ औं मिनेटमा दिनेश हेन्जनको गोलमा लिएको थियो । बुटवलको डिफेन्स लाइनले क्लियर गर्न नसकेको बलमा गोल गर्दै दिनेशले ललितपुरलाई सुरुवाती अग्रता दिलाएका थिए ।

त्यसको ५ मिनेटमै ललितपुरले दोस्रो गोल थप्यो । कप्तान समेत रहेका मार्की खेलाडी अनन्त तामाङले हेडमार्फत गोल गर्दै ललितपुरलाई पहिलो हाफमा २-० को अग्रता दिलाएका थिए ।

खेल अवधिभर दुवै टिमले प्रशस्त गोलको अवसर सिर्जना गरेपनि थप गोल हुन भने पाएन ।

बुटवलविरुद्धको खेलले ललितपुरले आफुलाई प्रतियोगिताको उपाधि दाबेदार टिमको रूपमा प्रस्तुत गरेको छ ।

जित सहित ललितपुरले ३ अंक जोडेको छ । बुटवल पहिलो खेलमा अंक जोड्न असफल रह्यो ।



द्वन्द्वग्रस्त दक्षिणी गाजापट्टी सहर रफाहमा ग्यास सिलिण्डर भर्न पालो पर्खिरहेका मानिसहरू। हमास र इजरायलबीचको सम्झौताअनुसार चारदिने युद्धविराम शुक्रबार स्थानीय समयअनुसार बिहान ७ बजेदेखि लागू भएको थियो। सम्झौताअनुसार इजिप्टबाट दैनिक एक लाख ३० हजार लिटर डिजेल र चार ट्रक ग्यास गाजापट्टीमा आपूर्ति गरिने इजिप्टको सरकारी सूचना सेवा (एसआइएस)ले विज्ञप्तिमामार्फत जानकारी दिएको छ। *तस्बिरः सिन्हवा*

# हमासले रिहा गरेका बन्धकहरूको सूची सार्वजनिक

**तेल अबिब–** इजरायली प्रधानमन्त्रीको कार्यालयले गत अक्टोबर ७ को आतंकवादी हमलामा हमासद्वारा बन्धक बनाएर शुक्रबार रिहा गरिएका व्यक्तिहरूको नाम सार्वजनिक गरेको छ।

इजरायली प्रधानमन्त्री कार्यालयले हमाससँगको सम्झौताको एक भागका रूपमा उद्धार गरिएकामध्ये ११ विदेशी नागरिक रहेको जानकारी दिएको छ। अमेरिका र कतारको मध्यस्थतामा भएको सम्झौताअनुसार उद्धार गरिएका २४ जना हमास बन्धकहरूको सट्टामा इजरायलले ३९ प्यालेस्टिनी बन्दीहरूलाई पनि मुक्त गरेको थियो।

'इजरायली सरकारले घर फर्केका हाम्रा नागरिकहरूलाई स्वागत गर्छ। इजरायली सरकार सबै अपहरण र बेपत्ता व्यक्तिहरूलाई फिर्ता गर्न प्रतिबद्ध छ,' प्रधानमन्त्री कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

'हाम्रा नागरिकहरूले प्रारम्भिक चिकित्सा परीक्षण गराएका थिए र उनीहरूका परिवारहरूलाई हाम्रा अधिकारीहरूले उनीहरू फर्केको जानकारी गराएका छन्,' इजरायली सरकारले जनाएको छ।

इजरायली प्रधानमन्त्री कार्यालयले स्वदेश फर्किएका १३ नागरिकको विवरण पनि सार्वजनिक गरेको छ। घर फर्किएका आशेर परिवारका तीन सदस्य डोरोन कात्ज-आशेर (३४), राज आशेर (४) र अविव आशेर (२) रहेका छन्। त्यसैगरी अलोनी परिवारका रिहा भएका दुई सदस्य डयानियल अलोनी (४५) र अमेलिया अलोनी (५) रहेका छन्। उद्धार गरिएका मोन्डर परिवारका रुथ मुन्डर (७८), केरेन मोन्डर (५४) र ओहद मोन्डर (९) रहेका छन्।

उनीहरूबाहेक अन्य पाँच इजरायली नागरिक अदिना मोशे (७२), हाना कात्जिर (७६), मार्गालिट मोजेस (७७), हन्ना पेरी (७९) र याफे अदार (८५) लाई पनि कैदबाट रिहाइ गरिएको थियो। रिहाइ गरिएका बन्धकहरूलाई आफ्ना आफन्तकहाँ फर्कने क्रममा सरकारले सबैको साथ दिएको प्रधानमन्त्री कार्यालयले जनाएको छ।



यसअघि शुक्रबार इजरायली बन्धकहरूको पहिलो समूहलाई इजरायल र हमासबीचको बन्धक सम्झौताको एक भागको रूपमा रेडक्रसका लागि अन्तर्राष्ट्रिय समितिका कर्मचारीहरूलाई सुम्पिएको इजरायलको टाइम्स अफ इजरायलले उल्लेख गरेको छ।

इजरायल र हमासबीच कतारको मध्यस्थतामा भएको युद्धविराम शुक्रबार बिहान ७ बजे (स्थानीय समय) बाट लागू भएको थियो। शुक्रबार बन्धकहरूलाई रिहा गरेपछि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले गाजाबाट सबै बन्धकहरूलाई फिर्ता गर्न प्रतिबद्ध रहेको बताएका छन्।

सामाजिक सञ्जाल एक्स (पहिले ट्विटर) मा पोस्ट गरिएको भिडियो सन्देशमा नेता न्याहुले भनेका छन्- हामीले भर्खरै हाम्रा पहिलो बन्धकहरू: बालबालिका, उनीहरूका आमाहरू र महिलाहरूको फिर्ती पूरा गरेका छौं।

त्यसैगरी अमेरिकी राष्ट्रपति जो बाइडेनले यसलाई 'प्रक्रियाको सुरुआत' भनेका छन्। उनले थप आशा व्यक्त गर्दै 'थुप्रै बन्धकहरू' आउँदो केही दिनमा उनीहरूको परिवारमा फर्किने बताएका छन्।

टाइम्स अफ इजरायलले उल्लेख गरेअनुसार प्रत्येक १० इजरायली बन्धकहरूका लागि थप एक दिन युद्धविरामको विस्तारको बदलामा हमासले थप बन्धकहरूलाई मुक्त गर्नुपर्ने छ।

यद्यपि गत अक्टोबरदेखि हमास आतंककारीहरूले बन्धक बनाएका २४० जनामध्ये रिहा गरिएका बन्धकहरू सानो संख्या मात्र हो। *रासस/एएनआई*

## '१२ जना थाई बन्धक रिहा'

**बैंकक–** गाजापट्टीमा बन्धक बनाइएका १२ जना थाई नागरिकलाई रिहा गरिएको थाई प्रधानमन्त्री श्रेथा थाभिसिनले शुक्रबार बताएका छन्।

थाई दूतावासका अधिकारी रिहा गरिएका बन्धकहरूलाई लिनका लागि बाटोमा रहेको प्रधानमन्त्री श्रेथा थाभिसिनल सामाजिक सञ्जाल पोस्टमार्फत उल्लेख गरेका छन्।

बन्धकहरू इजरायल प्रवेश गरेका छन् तथा हाल हात्जेरिम एयर फोर्स बेसमा प्रशोधन केन्द्रमा लगिएको थाई विदेश मन्त्रालयले एक विज्ञप्तिमार्फत जनाएको छ।

'रिहा गरिएका बन्धकहरूलाई उनीहरूको मेडिकल सुविधामा आइपुगेपछि सहयोग गरिने छ जहाँ उनीहरूलाई ४८ घण्टाको मेडिकल सुपरीवेक्षणमा राखिने छ र बाहिरका मानिसहरूको पहुँच हुने छैन,' विज्ञप्तिमा भनिएको छ।

हमास र इजरायलले यस हप्ताको सुरुमा गाजापट्टीमा चार दिनको युद्धविराममा सहमति जनाएका थिए। सम्झौताअन्तर्गत हमासले इजरायलमा बन्दी रहेका १५० प्यालेस्टिनी बन्दीहरूको बदलामा गाजाबाट कम्तीमा ५० जना बन्धकहरूलाई रिहा गर्ने छ। *रासस/सिन्हवा*

# घरेलु हिंसाविरूद्ध कदम चाल्न अस्ट्रेलियाका प्रधानमन्त्रीको आग्रह

**क्यानबेरा–** अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानीजले महिला र बालबालिकाविरुद्ध हुने हिंसा अन्त्य गर्न अस्ट्रेलियाली पुरुषहरूलाई आह्वान गरेका छन्।

शनिबार महिलाविरुद्धको हिंसा उन्मूलनका लागि अन्तर ाष्ट्रिय दिवसको अवसरमा जारी गरिएको विज्ञप्तिमा अल्बानीजले अस्ट्रेलियाको घरेलु हिंसा न्यूनीकरण गर्न तत्काल कदम चाल्न आवश्यक रहेको बताएका छन्।

अस्ट्रेलियन इन्स्टिच्युट अफ क्रिमिनोलजीको नेसनल होमिसाइड मोनिटरिङ प्रोग्राम (एनएचएमपी) का अनुसार अस्ट्रेलियामा हत्याको सिकार हुने वयस्क महिलामध्ये ६० प्रतिशतको हत्या हालको वा पूर्वघनिष्ठ साथीबाट हुने गरेको पाइएको छ।

सन् २०२०-२१ मा अस्ट्रेलियामा हरेक १४ दिनमा एकजना महिलाको हत्या हालको वा भूतपूर्व निकट साथीद्वारा हुने गरेको देखिन्छ। 'असमानता र भेदभावलाई उत्प्रेरित गर्ने र महिलाहरूलाई आपत्तिजनक बनाउने र सहमतिलाई बेवास्ता गर्ने दृष्टिकोणलाई परिवर्तन गर्नु सबैको जिम्मेवारी हो,' अल्बानीजले भनेका छन्।

विशेषगरी पुरुषहरू माथि उठ्नुपर्छ। पुरुष नेताहरूसँग परिवर्तनलाई स्वीकार गर्ने र हिंसा, दुर्व्यवहार, भेदभाव र उत्पीडनलाई रोक्ने अवस्था सिर्जना गर्ने अवसर छ,' उनले भने।

सरकारले शनिबार आत्मीय साझेदार हत्याका बारेमा त्रैमासिक अद्यावधिक तथ्यांक उपलब्ध गराउन नयाँ प्रणाली स्थापना गर्ने प्रतिबद्धता जनाएको छ। हाल सो कार्यक्रमबाट वार्षिक तथ्यांक उपलब्ध भएता पनि महिलाविरुद्ध हिंसा अन्त्य गर्न अधिकारीहरूले यसलाई सही रूपमा मापन गर्न सक्षम हुनुपर्ने उनको धारणा छ।

विज्ञप्तिमा भनिएको छ, ' महिलामन्त्री केटी गालाघर र सामाजिक सेवामन्त्री अमान्डा रिसवर्थले नयाँ प्रणालीले कानुन प्रवर्तन, नीति निर्माताहरूलाई सक्रिय पार्दै घरेलु र यौनहिंसा रोक्न सक्षम बन्नुपर्छ। हिंसा अन्त्य गर्न र महिलाको सुरक्षा सुनिश्चित गर्ने हाम्रो प्रयासमा हामीलाई सहयोग गर्नका लागि मिति र सही तथ्यांक महत्त्वपूर्ण छ।'

सरकारले सन् २०२२-३२ सम्ममा महिला तथा बालबालिकाविरुद्धको हिंसा अन्त्य गर्ने राष्ट्रिय योजनामा मे महिनासम्म २.२८ बिलियन अस्ट्रेलियाली डलर (१.५ बिलियन अमेरिकी डलर) लगानी गरेको थियो। *रासस/सिन्ह्वा*

# लेबनानका कमजोर बालबालिकालाई ३७ लाख युरो सहयोग

**बेरुत–** फिनल्याण्ड सरकारले शुक्रबार लेबनानका कमजोर बालबालिका र युवाहरूलाई सहयोगस्वरूप संयुक्त राष्ट्रसंघ बाल कोष (युनिसेफ) मार्फत ३७ लाख युरो (लगभग चार मिलियन अमेरिकी डलर) सहयोग गरेको छ।

यस सहयोगले विद्यालयबाहिर रहेका सीमान्तकृत बालबालिका र उनीहरूका परिवारलाई शिक्षा, बाल संरक्षण, किशोर र युवा संलग्नता, सामाजिक सहयोग र स्वास्थ्य तथा पोषण सेवा उपलब्ध गराएर सहयोग गर्ने छ।

सेवाहरूले बालबालिका र युवाहरूको निरन्तर शिक्षा सुनिश्चित गर्ने र सबै बालबालिकाका लागि सुरक्षात्मक वातावरण प्रदान गर्दै थप सामाजिक एकतामा योगदान दिने विश्वास गरिएको छ।

'लेबनानमा जटिल संकटको वर्तमान सन्दर्भमा, सबैभन्दा कमजोर बालबालिकाहरू अझ पछाडि धकेलिएका छन्। कमजोर अवस्थाले बालबालिकाको जीवनको लगभग हरेक पक्षलाई असर गरेको छ। त्यसैले बालबालिकाको अधिकार सुरक्षित गर्न आवश्यक छ,' लेबनानका लागि फिनल्याण्डका राजदूतले उल्लेख गरेका छन्।

लेबनानमा युनिसेफका प्रतिनिधि एडुअर्ड बेइगबेडरले भनेका छन्- यस नयाँ योगदानको माध्यमबाट, हामी कमजोर बालबालिका र किशोरकिशोरीहरूलाई सुरक्षा, सामाजिक सहायता, शिक्षा, र सीप निर्माणका विभिन्न सेवा प्रदान गरेर उनीहरूलाई राम्रो बनाउनका लागि सुधार गर्न जारी राख्नेछौं।

ती सेवा युनिसेफको नयाँ कार्यक्रम, बहुसेवा सामुदायिक केन्द्रहरू दृष्टिकोणमार्फत प्रदान गरिने छ जसले समुदायमा आधारित विभिन्न सेवाहरूको दायरा विस्तार गर्ने छ। *रासस/सिन्ह्वा*

# फलाम खानीमा बम विस्फोट हुँदा दुईको मृत्यु

**नयाँदिल्ली–** मध्य भारतको छत्तीसगढ राज्यस्थित फलाम खानीमा शुक्रबार भएको इम्प्रोभाइज्ड एक्सप्लोसिभ डिभाइस (आइइडी) विष्फोट हुँदा दुई कामदारको मृत्यु हुनुका साथै एक घाइते भएको प्रहरीले जनाएको छ।

छत्तीसगढको राजधानी सहर रायपुरबाट करिब ३५० किलोमिटर दक्षिणमा रहेको नारायणपुर जिल्लामा विष्फोट भएको हो।

एक प्रहरी अधिकारीका अनुसार पीडितहरू आमदई घाटी फलाम खानीमा काम गर्न जाँदै थिए। घाइते मजदुरलाई उपचारका लागि अस्पताल भर्ना गरिएको छ।

नक्सलवादी समूहका कामदारले आफ्ना माग पूरा गराउनका लागि दबाबस्वरूप सो विष्फोट गराएको हुनसक्ने प्रहरीले आशंका गरेको छ। हाल भारतको मध्य र पूर्वी भागहरूमा ती समूहहरू सक्रिय फलाम खानी निजी कम्पनीलाई दिइएको र सो क्षेत्रमा सञ्चालित नक्सलवादी समूहले लामो समयदेखि आयोजनाको विरोध गर्दै आएका समाचारमा जनाइएको छ। *रासस/सिन्ह्वा*

# पाकिस्तानको सपिङ मलमा आगलागी, ११ जनाको मृत्यु

**पाकिस्तान (कराँची)–** पाकिस्तानको व्यापारिक राजधानी कराँचीस्थित सपिङ मलमा शनिबार आगलागी हुँदा कम्तीमा ११ जनाको मृत्यु हुनुका साथै ३५ जना घाइते भएको अधिकारीहरूले बताएका छन्।

दक्षिणी बन्दरगाह सहरस्थित छ तले भवनको चौथो तलामा आगलागी हुँदा ६० जनाभन्दा बढी मलभित्र रहेका थिए। 'हाम्रा उद्धारकर्मीहरूले अहिलेसम्म ११ जनाको शवलाई अस्पतालमा लगेका छन्,' उद्धार सेवा सञ्चालन गर्ने चिप्पा कल्याणकारी संस्थाका प्रवक्ता शाहिद हुसेनले भने।

उनका अनुसार, ३५ जना घाइते भएका छन्, घाइतेमध्ये सात जनाको अवस्था गम्भीर छ र गम्भीर जसमध्ये कम्तीमा ४० जनाको उद्धार गरिएको छ। प्रान्तीय स्वास्थ्य मन्त्रालयका प्रवक्ता शब्बीर अलीले मृत्यु हुनेको संख्या र घाइतेको संख्या पुष्टि गरेका छन्। जेनेरेटर सर्ट भएर भएको आगलागी भवनको दुई तलासम्म फैलिएको हुसेनले बताएका छन्।

कमजोर सुरक्षा कानुन र भवन संहिताका साथै ढिलो कार्यान्वयनको अर्थ पाकिस्तानमा ठूला भवनमा आगलागी हुने गरेको छ। सन् २०१२ मा, पश्चिमी कराँचीको बलदिया टाउनमा रहेको एउटा कपडा कारखानामा आगलागी हुँदा २५० जना मजदुरको मृत्यु भएको थियो। *रासस/एएफपी*

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217**। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार-सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी-बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११६३०० | प्रति तोला – ११५७५० | प्रति तोला – १४५० |



**दाइँको चटारो** | बेँसीसहर नगरपालिका-१० स्थित खासुर गाउँमा दाही हाल्दै । आधुनिक प्रविधि भित्रिएसँगै र गोरु पाउन मुस्किल हुन थालेपछि पछिल्लो समयमा गोरुबाट दाही हाल्ने चलन हराउँदै गएको छ । *तस्बिरः जनक श्रेष्ठ/रासस*

# 'किसानको छोरा हुँ, किसानका लागि काम गर्छु'

■ प्रभाव संवाददाता

**लुम्बिनी–** कृषि तथा पशुपक्षी विकासमन्त्री डा बेदुराम भुसालले किसानको समस्यासँग आफू अवगत रही किसानका लागि काम गरिरहेको दाबी गरेका छन् । मर्चवारको कोटहीमाई-४ तुनिहवामा निर्मित बीउको भण्डारण तथा प्राथमिक प्रशोधन उद्योगको आज उद्घाटन गर्दै मन्त्री भुसालले सरकार कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न लागेको बताए ।

'मुलुकको अर्थतन्त्रको मेरुदण्ड कृषि हो, कृषि हाम्रो जीवनसँग जोडिएको छ', मन्त्री भुसालले भने, 'कृषि सबैका लागि प्राथमिकताको विषय भएकाले अहिलेको सरकार कृषि उत्पादनमा वृद्धि गर्न चाहन्छ ।' उनले कुनै पनि संरचना निर्माण गर्नुभन्दा त्यसको नियमित र व्यावहारिक सञ्चालन हुनु महत्वपूर्ण भएको भन्दै त्यसतर्फ ध्यान दिन आग्रह गर्दै कृषिबाट उन्नति गर्न औजारीकरण आवश्यक भएको बताए ।

सरकारले यो वर्ष चार लाख ७८ हजार पाँच सय मेट्रिक टन मल आयात गरेको बताउँदै उनले भने, 'जुन प्रदेशबाट जुन हिसाबले माग भएको थियो, त्यही हिसाबले पठाइएको छ । मलको समस्या छैन ।'

उनले 'प्रधानमन्त्री गहुँजोन'लाई सरकारले निरन्तरता दिइने बताए । 'अब देशमा दक्ष र प्राविधिक जनशक्ति उत्पादन हुनेछन् । देशलाई यान्त्रिकरण तथा कृषि औद्यौगीकरणतर्फ लग्दै हामीले हाम्रा कृषि उत्पादन पुनः भारतलाई बेच्न सक्षम हुनेछौँ', उनले भने ।

उक्त अवसरमा लुम्बिनी प्रदेश सरकारका पूर्वमन्त्री तथा प्रदेशसभा सदस्य बसिउद्दिन



खाँनले कृषि र सिँचाइ एकअर्काका लागि परिपूरक रहे पनि सङ्घीय सरकारले यो वर्ष मर्चवारमा सिँचाइका लागि बजेट नछुट्याएकाले व्यवस्थापनमा सहयोग गर्न आग्रह गरे ।

उनले भने, 'मर्चवारको निर्माणाधीन मुख्य चारलेन सडक २०७७ सालमा बोलपत्र भए पनि बाटोको मध्यभागमा रहेका एक सय ७७ वटा साना-ठूला रुखका कारण अहिलेसम्म निर्माण अवरुद्ध छ ।' ती रुखहरू कटानका लागि तत्काल पहल गरिदिन उनले मन्त्री भुसाललाई आग्रह गरे । सम्मरीमाई गाउँपालिका अध्यक्ष विनोदकुमार श्रीवास्तव, प्रधानमन्त्री गहुँजोन समन्वय समितिका अध्यक्ष जगन्नाथप्रसाद कुर्मीलगायतले रूपन्देहीमा जग्गा प्लाटिङ नभएको एकमात्र क्षेत्र मर्चवार पूर्णरूपले कृषिमा आधारित क्षेत्र भएकाले सरकारले कृषिमा उचित बजेट विनियोजन गरी विकास गर्नुपर्नेमा जोड दिए ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत 'बीउको भण्डारण, प्राथमिक प्रशोधन तथा प्रशोधन उद्योग'मा रु ९२ लाख नौ सय १५ खर्च भएको छ ।

# सुधारतर्फ सेयरबजार

■ प्रभाव संवाददाता

**काठमाडौं–** तिहार र छठपछि खुलेको सेयर बजारमा पहिलो साताको कारोबार अवस्था हेर्दा सुधारको संकेत देखिएको छ । यो साता नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक आठ दशमलव ११ अंकले बढेर एक हजार आठ सय ६० दशमलव २० को बिन्दुमा कायम छ ।

साताको पहिलो कारोबार सोमबार भएको थियो । एक हजार आठ सय ५२ दशमलव ०९ को बिन्दुबाट कारोबार सुरु भएको नेप्से परिसूचकमा पहिलो दिन झिनो अंकको सुधार देखिएको थियो । सोमबार नेप्से परिसूचक एक दशमलव ३९ अंकले बढेर एक हजार आठ सय ५३ दशमलव ४८ अंकमा कायम भएको थियो ।

सातामा कारोबारको दोस्रो दिन नेप्से परिसूचकमा २३ दशमलव ८२ अंकको गिरावट देखियो । मङ्गलबार परिसूचक एक दशमलव २८ प्रतिशतले घटेर एक हजार आठ सय २९ दशमलव ६५ को बिन्दुमा कायम भएको थियो ।

त्यस्तै, तेस्रो दिन बुधबार परिसूचक २० दशमलव ६७ अंकले बढेर एक हजार आठ सय ५० दशमलव ३३ अंकमा कायम भएको थियो भने साताको अन्तिम दिन बिहीबार नौ दशमलव ८७ प्रतिशतले बढेर एक हजार आठ सय ६० दशमलव २० अंकमा कायम भएको छ ।

यो सातामा रू चार अर्ब ४८ करोड ५२ लाख ४३ हजार पाँच सय ३९ बराबरको कारोबार भएको छ । सातामा कारोबार भएका सेयर सङ्ख्या एक करोड ५६ लाख २८ हजार चार सय ६२ कित्ता बराबर रहेको छ ।

साताको पहिलो दिनको कारोबारपछि रू २८ खर्ब ५७ अर्ब ७५ करोड ९० लाख १० हजार बराबर रहेको बजार पुँजीकरण अन्तिम दिनको कारोबारपछि २८ खर्ब ६८ अर्ब १२ करोड तीन लाख ६० हजार कायम भएको छ । एक सातामा बजार पुँजीकरण रू १० अर्ब ३६ करोड १३ लाख ५० हजारले बढेको हो ।

# एक अर्ब लगानी थप्दै मनकामना केबलकार

■ कमलकुमार बस्नेत

**कुरिनटार (चितवन)–** गोरखास्थित मनकामना मन्दिर पुग्ने यात्रुलाई लक्षित गर्दै सुरु भएको मनकामना केबलकार प्रालिले २५ वर्ष पूरा गरेको छ । सो अवसरमा यहाँ आयोजित पत्रकार सम्मेलनमा कम्पनीका सञ्चालक राजेशबाबु श्रेष्ठले केबलकारको स्तरोन्नति र रिसोर्ट निर्माणका लागि रु एक अर्ब लगानी थप गर्न लागिएको जानकारी दिए ।

श्रेष्ठका अनुसार स्तरोन्नतिका लागि रु ४५ करोड र रिसोर्ट निर्माणका लागि रु ५५ करोड लगानी हुनेछ । उहाँका अनुसार हाल केबलकार एनालग प्रविधिमा सञ्चालन भइरहेकोमा त्यसलाई हटाई डिजिटल प्रणाली अपनाउन लागिएको हो । 'एनालग प्रविधिको मर्मतसम्भार गर्नुका साथै स्पेयर पार्टस्समेत पाउन कठिनाइ हुने स्थितिलाई मध्यनजर गर्दै हामीले यस प्रविधिलाई हालकै नवीनतम् प्रविधि डिजिटल प्रणालीमा स्तरोन्नति गर्दैछौँ', उनले भने, ' अष्ट्रियाको डोप्पलमेयर कम्पनीको डि-कनेक्ट भन्ने डिजिटल प्रणालीमा स्तरोन्नति हुनेछ ।'

उनका अनुसार स्तरोन्नतिको पहिलो चरणको काम सन् २०२१ पूरा भइसकेको र बाँकी काम सन् २०२४ को मध्यसम्म सम्पन्न भइसक्नेछ । यसका लागि सामान मगाइसकिएको उनले जानकारी दिए । उनका अनुसार दोस्रो चरणमा 'कन्ट्रोल सिस्टम', ' कम्युनिकेशन केवल'का साथै केवलकारको लट्ठा फेरिने छ । सञ्चालक श्रेष्ठले सन् २०२५ को सुरुआतसम्म सञ्चालन हुने गरी हाल मनकामना केबलकार हाताभित्रै सुविधासम्पन्न



रिसोर्टको निर्माण भइरहेको जानकारी दिए । उनका अनुसार ४० कोठाको सुविधासम्पन्न रिसोर्टमा स्वीमिङ पुल, हेल्थ क्लब, सभा तथा सेमिनारका लागि हल र रेष्टुराँको समेत सुविधा हुनेछ । 'रिसोर्टका लागि रु ५५ करोड लगानी हुने अनुमान छ । रिसोर्ट सञ्चालनका लागि मनकामना र वरिपरिका क्षेत्रलाई धार्मिक साथै अन्य पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने हाम्रो लक्ष्य रहनेछ', उनले भने ।

मनकामना दर्शन गर्न आउने भक्तजनहरूलाई राम्रो सेवा दिने उद्देश्यले रिसोर्ट सञ्चालन गर्न लागिएको उहाँको भनाइ । 'मनकामना मन्दिर दर्शनका लागि केबलकार प्रयोग गर्ने यात्रुमध्ये तीन प्रतिशत मात्रै भए रिसोर्ट राम्रोसँग चल्ने रहेछ, यात्रुलाई गुणस्तरीय सेवा दिने उद्देश्यले रिसोर्ट सञ्चालन गर्न लागिएको हो', उनले भने ।

सम्पूर्ण प्रणालीलाई डिजिटाइज गर्न लागेको कम्पनीले पछिल्लो समय टिकटलाई पनि अनलाइन प्रविधिमा उपलब्ध गराएको छ । 'यात्रुलाई सहज पनि हुने र कागजको खपत कम हुँदा वातावरणीय दृष्टिले पनि राम्रो हुन्छ', सञ्चालक श्रेष्ठले भने, ' अनलाइनमार्फत टिकट काट्ने बढ्दै गएका छन् । हाल ३० प्रतिशत टिकट अनलाइनबाट बिक्री भइरहेको छ ।' केबलकार सञ्चालनमा आएपछि मनकामना मन्दिरमा भारतीय पर्यटकको सङ्ख्या पनि बढेको उनको भनाइ छ । 'पछिल्लो दुईदेखि तीन वर्षमा सार्क राष्ट्रका विशेष गरी भारतीय पर्यटकको सङ्ख्या बढिरहेको छ, अहिले २५ देखि २८ प्रतिशत हिस्सा भारतीय पर्यटकको छ ।'

मनकामना दर्शन प्रालिका अनुसार २५ वर्षमा एक करोड ८० लाख ९३ हजार दुई ५५ यात्रुले सेवा लिएका छन् । कम्पनी विसं २०५५ मङ्सिर ८ गतेदेखि सञ्चालनमा आएको हो । कुल तीन दशमलव ०२ किलोमिटर लम्बाइको केबलकारमा ३४ वटा यात्रुवाहक र तीनवटा कार्गो ३७ गोन्डुला छन् । केबलकारको एक घण्टामा अधिकतम छ सय ६० जनालाई सेवा दिनसक्ने क्षमता छ ।

कम्पनीले सामाजिक उत्तरदायित्वमा पनि उत्तिकै ध्यान दिएको छ । यस क्षेत्र आसपासमा शिक्षा, स्वास्थ्य र विपन्न वर्गलाई सहयोग गर्दै आएको सञ्चालक श्रेष्ठको भनाइ छ । कम्पनीले टिकट आम्दानीको एक प्रतिशत गोरखाको सहिद लखन गाउँपालिका र एक प्रतिशत चितवनको इच्छाकामना गाउँपालिकालाई विकास निर्माण, शिक्षा, स्वास्थ्य, संस्कृति सम्पदा जगेर्ना, विपन्न वर्गको हित तथा दैवी प्रकोपका लागि सहयोग गरिरहेको छ । कम्पनी पर्यटन क्षेत्रतर्फ आर्थिक वर्ष २०७८/७९ मा सबैभन्दा बढी आयकर दाखिला गरेको भन्दै सरकारबाट सम्मानित भएको छ । हाल कम्पनीमा एक सय २० जनाले रोजगारी पाएका छन् ।

कम्पनीका अनुसार सुरुआती वर्षमा दुईदेखि तीन लाख यात्रुले सेवा लिने गरेको भए पनि हाल वार्षिक ११ लाखभन्दा बढीले केबलकारबाट सेवा लिइरहेका छन् । साथै यस वर्ष १२ लाख ५० हजारभन्दा बढी यात्रुले सेवा लिने अपेक्षा गरिएको सञ्चालक श्रेष्ठले बताए ।

यस परियोजनामा तत्कालीन समयमा रु ६५ करोड लगानी भएको थियो । नेपाल बैंकको अगुवाइमा राष्ट्रिय वाणिज्य बैंक र तत्कालीन नेपाल बङ्गलादेश बैंकले लगानी गरेका थिए । 'सुरुआती दिनमा अपेक्षाअनुरूप यात्रु नआए पनि त्यसपछिका वर्षमा भने यात्रुको सङ्ख्या बढ्यो', सञ्चालक श्रेष्ठले भने, 'पाँच वर्षमा ऋण चुक्ता गर्ने भनिए पनि सात वर्षमा मात्रै पूरा भयो ।' *रासस*

# अलैंची बेचेर २४ करोड आम्दानी

■ प्रभाव संवाददाता

**लमजुङ–** अलैंचीखेतीको 'हब' बन्दै गरेको लमजुङका किसानले अलैंची दाना बिक्री गरेर रु २४ करोड आम्दानी गरेका छन् । प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना कार्यान्वयन इकाइ लमजुङका अनुसार जिल्लामा उत्पादित दुई सय ५१ मेट्रिक टन अलैंची दाना बिक्रीबाट यस वर्ष यतिका रकम आम्दानी भएको हो ।

आर्थिक वर्ष २०८०/८१ मा अलैंची दाना बिक्रीबाट सो रकम आम्दानी भएको परियोजना कार्यान्वयन इकाइ लमजुङका कृषि अधिकृत हरिबहादुर मिजारले जानकारी दिए । यहाँ विसं २०४१ बाट अलैंचीखेती विस्तार हुँदै आएको छ । अधिकृत मिजारका अनुसार यस वर्ष जिल्लाका किसानले प्रतिकिलो एक हजार दुई सयका दरले अलैंची बिक्री भएको छ ।

गत वर्ष तीन सय ८० मेट्रिक टन अलैंची दाना बिक्रीबाट रु २० करोड आम्दानी भएको थियो । आव २०७९/८० मा प्रतिकिलो अलैंची कम्तीमा रु पाँच सय ५० देखि सात सयसम्म बिक्री भएको थियो । उत्पादनका हिसाबले अलैंची दाना उत्पादन घटे पनि मूल्य वृद्धि हुँदा जिल्लाका किसानले यस वर्ष हालसम्मकै बढी आम्दानी गरेका छन् । आव २०७८/७९ मा तीन सय ३५ मेट्रिक टन अलैंची दाना बिक्रीबाट रु १५ करोड आम्दानी भएको थियो । त्यस्तै, एक दशकअघि रु १३ करोडसम्म अलैंची दाना बिक्रीबाट आम्दानी भएको थियो । आव २०७७/७८ मा तीन हजार पाँच सय क्विन्टल अलैंची दाना बिक्रीबाट रु १८ करोड २० लाख आम्दानी भएको थियो । उक्त वर्ष नौ सय ५० देखि साढे एक हजार रूपैयाँ बढी मूल्यमा बिक्री गरेका थिए ।

आव २०७६/७७ मा जिल्लामा दुई हजार क्विन्टल अलैंची दाना बिक्री गरेर किसानले रु १२ करोड आम्दानी गरेका थिए । त्यस्तै आव २०७५/७६ मा सात सय ५० क्विन्टल अलैंची दाना बिक्रीबाट किसानले पाँच करोड २५ लाख रूपैयाँ आम्दानी गरेका थिए ।

मर्स्याङ्दी गाउँपालिका-७ लुदीका सोमबहादुर तामाङले यस वर्ष गत वर्षको तुलनामा कम उत्पादन गरी बढी आम्दानी गरेका छन् । दुई सय ७५ किलो अलैंची दाना बिक्रीबाट तीन लाख ७१ हजार दुई सय ५० रूपैयाँ आम्दानी गरेको उनले बताए । उनका अनुसार गत वर्ष साढे तीन क्विन्टल अलैंची दाना बिक्री गरेर करिब रु दुई लाखमात्र आम्दानी गरेका थिए ।

जिल्लाभरिका अधिकांश किसानले रु एक हजार दुई सयमा प्रतिकिलो अलैंची बिक्री गरे पनि यहाँका तामाङसहित गाउँलेले एक हजार तीन सय ५० रूपैयाँ प्रतिकिलो अलैंची दाना बिक्री गरेको बताइएको छ । तामाङले मात्र नभई जिल्लाका अधिकांश अलैंची किसानको अलैंची खेतीबाट अलैंची दाना उत्पादन कम गरेका छन् । जिल्लाका किसानले कुनैबेला प्रतिकिलो दुई हजार दुई सय रूपैयाँसम्म अलैंची दाना बिक्रीबाट लिने गरेको थियो । जिल्लामा उत्पादित अलैंची दानाको माग उच्च रहँदै आएको छ । भारतको एकाधिकारका कारण किसानको मागअनुसार अलैंची दानाको मूल्य नपाएको गुनासो गर्दै आए पनि यस वर्ष भने केही राहत महसुस गरेका छन् । यस वर्ष अलैंची दानाको मूल्यवृद्धि हुँदा अलैंची किसान हर्षित भएका छन् ।

जिल्लामा एक हजार हेक्टर बढी क्षेत्रफलमा अलैंचीखेती हुँदै आए पनि पाँच सय हेक्टर क्षेत्रफलभन्दा कम क्षेत्रफलबाट उत्पादन हुँदै आएको बताइएको छ । उक्त परियोजनाले अलैंची जोन पकेट क्षेत्रका रूपमा मर्स्याङ्दी गाउँपालिका, बेँसीसहर नगरपालिका, क्व्होलासोथर गाउँपालिका, दोर्दी गाउँपालिका र दूधपोखरी गाउँपालिकालाई घोषणा गरिसकेको छ । सो क्षेत्रमा सबैभन्दा बढी अलैंची उत्पादन हुने गरेको छ । जिल्लामा सात सय मिटरदेखि एक हजार दुई सय मिटर उचाइमा साउन्ने, जिर्मले र डम्बरशाही, एक हजार दुई सय मिटरदेखि १६ मिटर उचाइमा गोलशाही र एक हजार छ सयदेखि दुई हजार दुई सय मिटर उचाइमा रामशाही र भलाङे जातका अलैंची बिरुवा लगाउँदै आएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ